
# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १४६ | काठमाडौं | आइतबार, ३० भदौ २०८१ | Prabhab National Daily | Sunday, September 15, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## प्रधानमन्त्री ओलीको निसानामा मेयर बालेन




- ओली-साहबीच असमझदारी बढ्दो
- बालेनविरुद्ध उत्रिन कार्यकर्तालाई निर्देशन
- बालेनलाई 'एउटा केटो' भन्दै ओलीले गरे कटाक्ष

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देशको कार्यकारी प्रमुखको हैसियतमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहबीचको टकराव झन् चुलिएको छ । प्रधानमन्त्री ओलीले आफ्ना कार्यकर्तालाई बालेनविरुद्ध उत्रिन शनिबार निर्देशन नै दिए ।

'के आशा गरेका ? आफ्नै पनि कमजोरी छ । त्यसलाई चलायो आफ्नै कमजोरी निकाल्दियो भने ? बरु त्यसलाई चलाउँदै नचलाउनु ठीक छ । कमजोरी छरपस्ट पारिदियो भने बर्बाद,' उनले स्थानीय तहमा जनसंगठन सुदृढीकरण राष्ट्रिय कार्यशाला गोष्ठीमा भने, 'निक्लिनुपर्‍यो नि मैदानमा, बोल्नपर्छ । आफूसँग भएका सम्पूर्ण अस्त्र प्रयोग गर्नुपर्छ ।'

ओलीसँग बालेनको सम्बन्ध पूरै बिग्रिएको छ । डेढ साताअघि बालेनले लुम्बिनी प्रदेशकी एमाले सचेतक रेखा शर्माले बालश्रमविरुद्धको कसुर गरेको भन्दै उनको तस्बिर फेसबुकमा राखेर कारबाहीको माग ओलीसँग गरेका थिए । तर, ओलीले कारबाही गरेनन् । कारबाही गर्नुको सट्टा आफ्ना कार्यकर्तालाई उक्त स्टाटसमा 'रिपोर्ट' गराएर फेसबुकमार्फत स्टाटस नै हटाउन लगाएको आक्षेपको सामना गरेका थिए । यहीबीच बालेन समर्थकले ओलीलाई सामाजिक सञ्जाल फेसबुकमा 'अनफलो' अभियान नै सञ्चालन गरे । त्यस क्रममा ओलीले करिब ६५ हजार फलोअर्स गुमाए ।

यसपछि ओली-बालेन आपसमा मौन थिए । तर, शनिबार ओलीले बालेनलाई 'एउटा केटो' भन्दै कटाक्ष गरेका छन् । ओलीले थपे, 'देखिसक्यौं नि हामीले बोक्नेले त बोकेकै छ । बोकेको बिरालोले मार्ने हो कि होइन तर बिरालो काँधमा बोकेर यतापट्टिबाट गोली हानेर मृग मार्‍यो भने बोकेका बिरालाले मृग मार्‍यो भन्दै चलाइन्छ । त्यसकारण हामी भ्रमबाट मुक्त हुनुपर्छ ।'

३० वैशाख २०७९ मा स्थानीय तह चुनावको परिणाम सार्वजनिक भइरहेका बेला ओलीनिवास बालकोटमा बालेन गएका थिए । त्यसबेला ओलीले बालेनलाई तबला दिएका थिए । यसरी सम्बन्ध सुरु गरेका ओली-साहबीच असमझदारी बढ्दो छ ।

(क्रमशः पृष्ठ २ मा)

# सहकारीको बचत कुम्ल्याउने नेता र परिवार



चुनाव कति महँगो छ भन्ने थाहै छ । चुनाव लड्नै नसकिने भयो तर कांग्रेस, एमालेलगायत दलका उम्मेदवारहरु सहजै चुनाव लडेर संसद् आइपुग्छन् । अहिले खुल्दै जाँदा थाहा भयो कि उनीहरूले सहकारीको बचत कब्जामा लिएका रहेछन् ।

■ **चित्रबहादुर केसी**, सांसद, राष्ट्रिय जनमोर्चा



समस्याग्रस्त सहकारीका कर्मचारी र सञ्चालकविरूद्ध उजुरी लिएर अनुसन्धान गरिरहेका छौं । यसक्रममा पैसा कहाँ अपचलन भयो ? अपचलनमा को संलग्न भए ? यसबारे अनुसन्धान गरिरहेका छौं ।

■ **होविन्द्र बोगटी**, प्रवक्ता, सिआइबी



नियमभित्र बसेका सहकारी डुबेका छैनन् । जो नियमभित्र बसेनन् वा बस्न जानेनन् तिनीहरूमा समस्या देखिएको छ । कुनै पनि सहकारी संस्थामा कसैले अनुचित ढंगले लाभ लिएको भए सरकारले कडाइका साथ नियमन गर्छ ।

■ **केपी शर्मा ओली**, प्रधानमन्त्री

- सार्वजनिक लेखा समिति सभापतिकी श्रीमती पनि सहकारी अपचलनमा मुछिइन्
- पूर्वगृहमन्त्री रवि लामिछाने, पूर्वमन्त्री धनराज गुरूङ, पूर्वश्रममन्त्री डिपी अर्याल, राप्रपा सांसद गीता बस्नेतलगायत अपचलनमा

■ **जेबी योञ्जन**

**काठमाडौं–** सहकारीको बचत अपचलनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र उनका पूर्वव्यावसायिक साझेदार जिबी राई हुँदै अन्ततः कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरू जोडिँदै गएका छन् । सर्वसाधारणले सहकारीमा बचत गरेको रकम अपचलन प्रकरणमा यी दलहरूमा आबद्ध नेता र तिनका परिवार संलग्न भएको तथ्यहरू लगातार बाहिरिरहेका छन् ।

६८ वर्षअघि चितवनको शारदानगरमा बखान बहुउद्देश्यीय सहकारी संस्था स्थापनापछि खुल्न थालेका सहकारीहरू पछिल्ला केही दशकयता नेता र तिनका परिवारको कब्जामा पुगेका छन् । उनीहरूबाटै सहकारीको बचत अपचलन भइरहेको देखिएको छ ।

शनिबार संसद्को सार्वजनिक लेखा समितिका सभापति रहेका एमाले सांसद ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला सहकारीको बचत अपचलन प्रकरणमा जोडिएकी छन् । कोइराला यसअघि मोरङको धनपालथान गाउँपालिका-४ कर्सियाको उमागौरी कृषि सहकारी संस्थामा आबद्ध थिइन् । सहकारीको अध्यक्ष शम्भुप्रसाद रौनियार हुन् । रौनियार सहकारी बन्द गरेर फरार छन् ।

सहकारीमा १२ करोड रूपैयाँभन्दा बढी अपचलन भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । सहकारीका पूर्वसञ्चालक समिति सदस्य कोइरालासँगै अध्यक्ष रौनियार तथा सहकारीका अन्य सञ्चालक र कर्मचारीहरूको खाता बैंकले कालोसूचीमा राखेको छ । कोशी प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय प्रमुख हरिबहादुर खत्रीले सभापति पोखरेलकी श्रीमती अञ्जला एक बेला सहकारी सञ्चालक समिति सदस्य हुनु र अर्कातिर बैंकले पनि उनको खाता कालोसूचीमा राखिनुले उनी सहकारी ठगी प्रकरणमा जोडिएको हुनसक्ने बताए ।

'हामीले सहकारीको कागजात सबै मागेका छौं । अस्ति मोबाइलबाट फोटो खिचेर केही विवरण अध्यक्षले पठाएका थिए तर उनी हाल फरार छन् र बैंकले कालोसूचीमा राख्ने क्रममा पूर्वसञ्चालक अञ्जला कोइरालाको नाम पनि छ र उहाँ पनि अपचलनमा संलग्न हो कि,' उनले प्रभावसँग भने ।

(क्रमशः पृष्ठ २ मा)

प्रधानमन्त्री ओली भन्छन्–

## नियमसंगत चलाएका सहकारी डुब्दैनन्

काठमाडौं (प्रस)– प्रधानमन्त्री केपी शर्मा ओलीले सहकारीको मर्मअनुसारका नियमसंगत चलाएमा सहकारीहरू नडुब्ने र त्यस्ता सहकारीले आफ्ना सदस्यहरूलाई पनि समस्यामा नपार्ने बताएका छन् । सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको शनिबार बसेको बैठकमा प्रधानमन्त्री ओलीले सहकारीमा गैरसहकारी र अनुचित लाभ लिने फरक उद्देश्य लिएर आउने व्यक्तिहरू प्रवेश हुँदा समस्या सिर्जना भएको बताए ।

'नियमभित्र बसेका सहकारी डुबेका छैनन् । जो नियमभित्र बसेनन् वा बस्न जानेनन् तिनीहरूमा समस्या देखिएको छ । कुनै पनि सहकारी संस्थामा कसैले अनुचित ढंगले लाभ लिएको भए सरकारले कडाइका साथ नियमन गर्छ,' प्रधानमन्त्री ओलीले भने ।

संविधानले सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाका रूपमा लिएकाले सरकारले सोहीअनुरूप मुलुकको आर्थिक विकासमा यसलाई महत्त्व दिँदै आएको उनले स्पष्ट गरे । 'विश्व अर्थतन्त्र अप्ठ्यारोमा परेका बेला सहकारीको अवधारणा सुरु भयो । सोही अवधारणालाई नेपालमा पनि लागू गर्न थालिएको हो । स-साना पुँजीलाई जम्मा गरेर विविध क्षेत्रका क्रियाकलापमार्फत सापटी चलाउने, आम्दानी र रोजगारी बढाउने सहकारीका महत्त्वपूर्ण पक्षहरू छन्,' प्रधानमन्त्री ओलीले भने, 'समितिले मिहेनतपूर्वक गरेका अध्ययन र छलफलबाट निष्पक्ष सुझाव आओस् । समितिले सरकारलाई निर्देश गरोस् । त्यस्तो सुझावलाई सरकारले कार्यान्वयन गर्छ ।'

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# जापानमा हुने रोजगार सम्मेलनमा सीमित व्यवसायीलाई मात्र अवसर

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** जापानमा आगामी असोज ३ गते हुने रोजगार सम्मेलनमा वैदेशिक रोजगार व्यवसायीको सहभागिता न्यून हुने भएको छ । जापानस्थित नेपाली दूतावास र जापान एसोसिएसन फर द इम्प्लोइमेन्ट अफ फरेन नेसनल (जेएएफइएन)को संयुक्त आयोजनामा टोकियोमा हुने 'जापान-नेपाल रोजगारी सम्मेलन'मा सीमित व्यवसायीमात्र सहभागी हुने भएका हुन् ।

उक्त सम्मेलनमा नेपाली व्यवसायीहरूको न्यून उपस्थिति गराउन खोजिएको व्यवसायीहरूले गुनासो गरेका छन् । जापानको रोजगारसम्बन्धी काम गरिरहेका निश्चित व्यवसायीलाई मात्रै सहभागी गराउने उद्देश्यले रोजगार सम्मेलन गर्न लागिएको एक व्यवसायीले बताए । उनले 'सिन्डिकेट' लाद्ने मनसायबाट निश्चित व्यक्तिलाई फाइदा पुऱ्याउने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको आरोप लगाए ।

'जापानमा रोजगार सम्मेलन हुँदै छ भनियो तर सहभागी हुन चाहने व्यवसायीलाई पूर्वतयारीको समय नै दिइएन,' ती व्यवसायीले भने, 'आयोजकले ढिलो गरी जानकारी दिएर व्यवसायीलाई उपेक्षा गरेको महसुस भएको छ ।' सम्मेलनमा सहभागी हुन चाहने व्यवसायीलाई आवश्यक कागजात तयार गर्न र भिसा प्रकिया पूरा गर्न नै समय लाग्ने उनले बताए । 'जबकि सबै प्रक्रिया पूरा गरी आवेदन दिएको कम्तीमा १० दिनमामात्रै जापानको भिसा आउँछ,' उनले भने ।



नेपाल वैदेशिक रोजगार व्यवसायी संघले छोटो समय दिएर सम्मेलनमा सहभागी हुन चाहने व्यवसायीहरूलाई तयारी गर्न परिपत्र जारी गरेको थियो । पाँच दिनभित्र आवश्यक पर्ने कागजात कार्यालय सचिवलाई उपलब्ध गराउन संघले भनेको थियो । यद्यपि, पाँच दिनको अवधि राखेर संघले भदौ २१ गते व्यवसायीहरूलाई पठाएको परिपत्रको समय पनि सकिएको छ । यस अवधिमा केही व्यवसायीले मात्रै भिसा प्रक्रियाका लागि आवश्यक कागजात उपलब्ध गराएको संघले जनाएको छ ।

तोकिएको अवधिमा भिसा प्रक्रिया नै पूरा नहुने भएका कारण सम्मेलनमा भाग लिन इच्छुक भए पनि कुनै प्रक्रिया अघि नबढाएको अर्का एक व्यवसायीले बताए । 'निश्चित व्यवसायीलाई मात्रै पठाउने गरी सूचना जारी भयो, जसका कारण रोजगार सम्मेलनमा सहभागी हुन इच्छुक धेरै व्यवसायीहरू रिङआउट भए,' उनले भने । यसअघिदेखि नै जापानको भिसा भएका म्यानपावरं व्यवसायीलाई मात्रै सहभागी गराउने उद्देश्यले छोटो समय दिएर सूचना जारी गरिएको उनको आरोप छ ।

छोटो समय दिएर सूचना जारी गरेको भन्दै संघको पनि विरोध भएको छ । तर, रोजगार सम्मेलनको आयोजक नेपाली दूतावासले नै ढिलागरी सहभागिताका लागि परिपत्र गरेका कारण सोहीअनुसार व्यवसायीलाई सूचित गरिएको संघले जनाएको छ । 'आयोजकले नै ढिलागरी परिपत्र गऱ्यो, त्यसैको आधारमा हामीले व्यवसायीहरूलाई सूचना रिले गरेका हौं,' संघका महासचिव मेघनाथ भुर्तेलले भने । उक्त सम्मेलनमा भिसा भएका वा पाएका व्यवसायी सहभागी हुनसक्ने भन्दै संघको आधिकारिक उपस्थिति नहुने उनले जानकारी दिए । 'हामी संघको आन्तरिक कार्यमा पनि व्यस्त छौं,' महासचिव भुर्तेलले भने, 'त्यसमाथि हामी संघको आफ्नै भवन बनाउने प्रक्रियामा छौं, त्यसैले यसमा हाम्रो आधिकारिक सहभागिता हुँदैन ।'

आयोजकले व्यवसायीहरू मात्र नभएर विदेशमा रोजगार प्रवर्द्धन गर्ने जिम्मेवारी पाएको सरकारी निकाय वैदेशिक रोजगार बोर्डलाईसमेत उपेक्षा गरेको छ । उक्त सम्मेलनबारे ढिलोगरी जानकारी पाएको बोर्डले जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

## सहकारीको बचत...

कोइराला यसअघि सदस्य रहेको उक्त सहकारीले लघुवित्त र केही बैंकबाट सस्तोमा ऋण लिने गरेको थियो । त्यसरी ऋण लिएर संस्थाका सदस्यहरूलाई लगानी गर्थ्यो । उनीहरूबाट संस्थाले साँवाब्याज लिन्थे । तर, बैंक र लघुवित्तमा भने नबुझाउने गरेको पाइएको पनि प्रमुख खत्री बताउँछन् ।

तर, अञ्जलाले भने आफूले छ-सात वर्ष पहिले नै सहकारी छाडेको र संस्थाको समग्र पक्षबारे अध्यक्ष रौनियारसँग बुझ्नु भन्दै आएकी छन् । उनले सहकारी ठगीमा आफ्नो संलग्नता अस्वीकार गर्दै आएकी छन् । 'अध्यक्षलाई बुझ्नुस् यसबारे । म संस्थामा छैन । छ/सात वर्ष नै भइसक्यो । अनि म कसरी अपचलनमा जोडिन्छु,' उनले भनिन् ।

सत्तारुढ दल नेपाली कांग्रेसका उपसभापति तथा पूर्वकानुनमन्त्री धनराज गुरुङ सहकारी प्रकरणमा जोडिएको खबर सेलाउन नपाउँदै सार्वजनिक लेखा समिति सभापति पोखरेलकी श्रीमती अञ्जला जोडिएको प्रकरण बाहिर आएको हो । गुरुङ ललितपुरको मितेरी बचत तथा ऋण सहकारीको अपचलन प्रकरणमा जोडिएका हुन् । उनले आफूमाथि संसदीय समिति गठन गरेर छानबिनका लागि चुनौती दिएका छन् । तर, सार्वजनिक भएका तथ्यहरूलाई आधार मान्दा उनी कतै न कतैबाट मितेरी सहकारीको अपचलनमा संलग्न भएको देखिएका छन् ।

तर, गुरुङले पूर्वश्रीमती ज्योति गुरुङमात्रै मितेरी सहकारीको बचत अपचलनमा जोडिएको र आफूलाई अनाश्यक मुछिएको दाबी गर्दै आएका छन् । जबकि, उनले आफैं गत जेठमा ज्योतिको नाममा भएको केही ऋण सहकारी पुगेर तिरेको अध्यक्ष कुम्भराज गुरुङले शुक्रबार नै छानबिन समितिलाई जानकारी दिएका छन् । त्यसलाई पुष्टि गर्ने खालका तथ्य पनि दिएका छन् ।

यहीबीच नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले अनुसन्धान थालेको प्रवक्ता होविन्द्र बोगटीले बताएका छन् । 'सहकारीका कर्मचारी र सञ्चालकविरुद्ध उजुरी लिएर अनुसन्धान गरिरहेका छौं । यसक्रममा पैसा कहाँ अपचलन भयो ? अपचलनमा को संलग्न भए ? यसबारे अनुसन्धान गरिरहेका छौं,' प्रवक्ता बोगटीले भने ।

शुक्रबारमात्रै सूर्यबहादुर थापा संयोजक रहेको सहकारी छानबिन समितिको टोली मितेरीको कार्यालय अनुगमन गर्न पुगेको थियो । त्यस क्रममा संकलन गरेको केही तथ्यको विश्लेषणपछि धनराज र ज्योतिको सम्बन्ध विच्छेदलाई 'सहकारी डिभोर्स' भनेका थिए । संसद् बैठकमा यसअघि सम्बोधन गर्ने क्रममा धनराजले मितेरी सहकारीमा भएको अपचलनबारे आफूलाई केही थाहा नभएको जिकिर गरेका थिए । उनले त्यस क्रममा ठगी प्रकरणमा आफ्नो संलग्नता अस्वीकार गरे । यद्यपि, पूर्वश्रीमती ज्योतिको नाममा रहेको कर्जा ललितपुरस्थित उनको घर बेचेर ऋण तिर्नेजस्ता गतिविधिले भने ज्योतिसँग उनी सम्बन्धमै रहेको अड्कल धेरैको छ । कागजमा भने धनराज र ज्योतिबीच २०७६ मै सम्बन्ध विच्छेद भएको देखिएको छ । तर, उनले भन्दै आएको ज्योतिसँगको सम्बन्ध विच्छेदलाई जनताले पत्याएका छैनन् ।

गत साउनमा ज्योति संस्थाको महाप्रबन्धक रहेका बेला १२ करोड ५० लाख रूपैयाँ ठगी गरेको भन्दै सहकारीले सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी परेको थियो । उजुरीपछि छानबिन समितिमा गएर मितेरीका अध्यक्ष कुम्भराजले बयान दिएपछि सहकारीको बचत अपचलन प्रकरणमा धनराज जोडिएका हुन् ।

यसअघि कांग्रेस प्रतिपक्षमा रहँदा सहकारीको बचत अपचलन सम्बन्धमा छानबिन समिति गठनका लागि गुरुङले पनि सरकारलाई दबाब दिएका थिए । त्यसबेला एमाले अध्यक्ष केपी शर्मा ओलीसँग उनले गरेको विवाद भाइरल भयो । हाल भने गुरुङको नाम पनि सहकारी ठगी प्रकरणमा आएको हो । सहकरीको बचत अपचलन प्रकरणमा जोडिनेमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सांसद गीता बस्नेत पनि छिन् । उनी हालसम्म फरार छिन् ।

पूर्वी नवलपरासीस्थित छिपछिपे सहकारी संस्था लिमिटेडमा बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा सांसद बस्नेतविरुद्ध पक्राउ पुर्जी यसअघि नै जारी भएको छ । प्रहरी प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा गत २० जेठमै बस्नेतसहित २५ जनाविरुद्ध अभियोगपत्र दायर गरेको थियो । अभियोगपत्रमा सहकारीको बचत ९६ करोड रिसोर्टमा लगानी गरेको उल्लेख छ ।

यसअघि रास्वपाका सभापति लामिछाने, उपसभापति डोलप्रसाद अर्याल, कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटी, सहमहामन्त्री विपीन आचार्य पनि सहकारी प्रकरणमा मुछिएका छन् । पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा तथा माओवादी विद्यार्थी नेता दिपेश पुन बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा यसअघि नै जोडिएका थिए । उक्त प्रकरणमा पक्रउा परेका उनी रिहा भइसकेका छन् । तर, मुद्दाको टुंगो लाग्न भने बाँकी छ ।

लामिछाने गृहमन्त्री भएकै बेला कांग्रेसको दबाबमा सहकारी छानबिन समिति गठन भयो । उक्त समितिले सहकारीको बचत अपचलन प्रकरणमा जोडिएका लामिछानेसहितका आरोपीहरूसँग बयान लिइसकेको छ । तर, मुख्य आरोपी गितेन्द्रबाबु (जिबी) राई भने अझै फरार छन् । जसकारण समितिले उनीसँग सोधपुछ लिन पाएको छैन । समितिको दोस्रोपटक थपिएको म्याद भने सकिन लागेको छ ।

पूर्वसहकारीमन्त्री रहेका राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा सांसद चित्रबहादुर केसीले सर्वसाधारणको बचतमा नेताहरूको राइँदाइँ भएको भन्दै चिन्ता प्रकट गरे । सहकारीकै पैसाले चुनाव लडेर कांग्रेस, एमाले, माओवादी, राप्रपालगायत दलबाट संसद्मा आएको आरोप लगाए ।

'चुनाव कति महँगो छ भन्ने थाहै छ । चुनाव लड्नै नसकिने भयो तर कांग्रेस, एमालेलगायत दलका उम्मेदवारहरू सहजै चुनाव लडेर संसद् आइपुग्छन् । अहिले खुल्दै जाँदा थाहा भयो कि उनीहरूले सहकारीको बचत कब्जामा लिएका रहेछन्,' केसीले भने ।

सहकारी विभागका अनुसार देशभर ३३ हजारभन्दा बढी सहकारी छन् । पछिल्ला समय सहकारीका सञ्चालक र व्यवस्थापकको मिलेमतोमा सहकारीहरूको बचत अपचलन हुँदै आएको छ । यसबारे छानबिन गर्न गठित संसदीय समितिले आरोपीहरूसँग सोधपुछ गरिरहेको छ ।

● ● ●

## नियमसंगत चलाएका...

छानबिन समितिले निष्पक्ष ढंगले अध्ययन अनुसन्धान गरी निश्कर्ष निकाल्ने र विद्यमान समस्या समाधानका लागि के-कस्ता सुधार गर्न सकिन्छ भनेर स्पष्ट सुझाव दिने अपेक्षा पनि प्रधानमन्त्री ओलीको छ । 'सहकारी क्षेत्रको विकृति भयानक राष्ट्रिय समस्याका रूपमा आइसकेको रहेछ । यसको कसरी समाधान गर्न सकिन्छ भनेर सरकारले समितिको सुझावको प्रतिक्षा गरिरहेको छ । सहकारी क्षेत्रको नियमन र सुपरीवेक्षण गर्नका लागि छुट्टै संयन्त्र चाहिन्छ कि अहिलेकै संयन्त्रबाट गर्न सकिन्छ भनेर पनि सुझाव समितिबाट आउनुपर्छ,' प्रधानमन्त्री ओलीले भने, 'सहकारीका सदस्यहरू नठगिउन् र लगानीकर्ताको रकम नडुबोस् भनेर सरकारले आवश्यक काम गरिरहेको छ । ठग्ने मनासाय भएका मानिहरूले त्यसमा सफलता नपाउन् ।'

विभिन्न सहकारीको रकम हिनामिना गरेर फरार भएका व्यक्तिहरूलाई सरकारले खोजिरहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले छानबिन सकिएपछि इन्टरपोलमार्फत नेपाल झिकाउन सहज हुने विश्वास व्यक्त गरे ।

● ● ●

## प्रधानमन्त्री ओलीको...

गत साउनमा काठमाडौंको न्युरोड क्षेत्रमा सडक विस्तार गर्न काठमाडौं महानगरले थाल्दा संघीय सरकारले रोकेको थियो । यसबेला पनि ओली र बालेनबीच सम्बन्ध बिग्रियो । काठमाडौं उपत्यकाका नदी आसपासका बस्ती हटाउन सर्वोच्च अदालतले दिएको आदेशअनुसार बालेनले त्यस्तो बस्ती हटाउन चाहेका छन् । यसविरुद्ध ओली छन् । उनले हालैका दिनमा सरकारले सर्वोच्चको फैसला पुनरवलोकन गर्न निवेदन दिने आश्वासन दिएका छन् । बालेनलाई थप चिढ्याएका छन् ।

'अहिले कहाँ एउटा केटो निस्कियो, त्यसले मनपरी बोल्छ । त्यसलाई चाहिँ चलाउन हुँदैन है, त्यसलाई चलाउन हुँदैन । त्यो सँग जनमत छ,' ओलीले भने 'नचलाएर उसको कुरा स्थापित हुँदै जान दिनुहुन्छ, नचाहिने प्रचारहरू स्थापित हुँदै जान दिनुहुन्छ भने साँच्चै स्थापित हुन्छ ।' बालेन स्वतन्त्र चुनाव लडेर मेयरको कुर्सीमा छन् । उनलाई माओवादी अध्यक्ष पुष्पकमल दाहालले लोकतन्त्रको बगैंचामा फुलेको सुन्दर फूल भन्दै आएका छन् । यसरी दाहालसँग सम्बन्ध सुमधुर छँदा बालेनको टकराव प्रधानमन्त्री ओलीसँग परेको छ ।

● ● ●

## जापानमा हुने ...

यद्यपि एकजना प्रतिनिधि पठाइदिने भन्दै पत्राचार गरेपछि आयोजककै खर्चमा एकजनालाई पठाउन लागिएको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । 'मलाई सम्मेलनबारे धेरै कुरा थाहा छैन,' उनले भने, 'दूतावासको पत्राचारअनुसार बोर्डबाट एकजना प्रतिनिधि जानुहुन्छ, त्यो पनि आयोजकले नै खर्च व्यहोर्ने भन्नुभएको छ ।'

उक्त सम्मेलनमा भाग लिन श्रम, रोजगार तथा श्रममन्त्री शरतसिंह भण्डारी जाने पक्का भएको छ । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै जान मन्त्री भण्डारीलाई मन्त्रिपरिषद्को गत हप्ता बसेको बैठकले स्वीकृति दिइसकेको छ । सम्मेलनमा प्रमुख अतिथिसमेत रहने मन्त्री भण्डारीले नेपालका वैदेशिक रोजगारीको अवस्था र अन्तर्राष्ट्रियरूपमा उपलब्ध गराउनसक्ने जनशक्तिबारे मन्तव्य दिने कार्यक्रम रहेको बताइन्छ । जापानले आफ्नो श्रमबजारमा स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यु) अन्तर्गत नेपाली श्रमिक लैजाने गरी सन् २०१९ मा जिटुजी सम्झौता गरेको थियो । यद्यपि, सम्झौताको पाँच वर्ष बितिसक्दा पनि नेपाल सरकारले प्रक्रियागतरूपमा नेपाली श्रमिक पठाउन सकेको छैन ।जापानमा हुने ...

यद्यपि एकजना प्रतिनिधि पठाइदिने भन्दै पत्राचार गरेपछि आयोजककै खर्चमा एकजनालाई पठाउन लागिएको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । 'मलाई सम्मेलनबारे धेरै कुरा थाहा छैन,' उनले भने, 'दूतावासको पत्राचारअनुसार बोर्डबाट एकजना प्रतिनिधि जानुहुन्छ, त्यो पनि आयोजकले नै खर्च व्यहोर्ने भन्नुभएको छ ।'

उक्त सम्मेलनमा भाग लिन श्रम, रोजगार तथा श्रममन्त्री शरतसिंह भण्डारी जाने पक्का भएको छ । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै जान मन्त्री भण्डारीलाई मन्त्रिपरिषद्को गत हप्ता बसेको बैठकले स्वीकृति दिइसकेको छ । सम्मेलनमा प्रमुख अतिथिसमेत रहने मन्त्री भण्डारीले नेपालका वैदेशिक रोजगारीको अवस्था र अन्तर्राष्ट्रियरूपमा उपलब्ध गराउनसक्ने जनशक्तिबारे मन्तव्य दिने कार्यक्रम रहेको बताइन्छ । जापानले आफ्नो श्रमबजारमा स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यु) अन्तर्गत नेपाली श्रमिक लैजाने गरी सन् २०१९ मा जिटुजी सम्झौता गरेको थियो । यद्यपि, सम्झौताको पाँच वर्ष बितिसक्दा पनि नेपाल सरकारले प्रक्रियागतरूपमा नेपाली श्रमिक पठाउन सकेको छैन ।

# बालबालिकामा लगानी बढाउन जोड

**काठमाडौं (प्रस)**– महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले सरकारका विषयगत मन्त्रालयले बालबालिकाका क्षेत्रमा नतिजामूलक कार्य गर्नका लागि लगानी वृद्धिको आवश्यकता औंल्याएका छन् । राष्ट्रिय बाल दिवस-२०८१ का अवसरमा महिला मन्त्रालयद्वारा यहाँ शनिबार आयोजित कार्यक्रममा उनले बालबालिकाको शिक्षा र स्वास्थ्य क्षेत्रमा भएका लगानी तथा बाल संरक्षणका विविध सवाललाई सम्बोधन गर्न चालु आर्थिक वर्षको नीति र बजेट व्यवस्थाले समेत त्यसको अनुभूति भएको धारणा राखे ।

मन्त्री सुडीले सरकारले बालबालिकासम्बन्धी विभिन्न कानुन, नीति, योजना तथा कार्यक्रममार्फत बालबालिकाको संरक्षण, सुरक्षा, शिक्षा, स्वास्थ्य र सहभागितालगायत विषयमा लगानी गर्दै आए पनि त्यो पर्याप्त नभएको बताए । 'हरेक विकास र परिवर्तनसँगै नयाँ समस्या पनि सिर्जना हुन पुग्छन् । आजका दिनमा बालबालिकाको संरक्षणका सवालमा हामी नयाँ प्रकारका समस्या र चुनौतीको सामना गरिरहेका छौं । बालबालिकाविरुद्ध हिंसा, बाल यौन दुर्व्यवहार, बालश्रम, बाल विवाह र लैंगिक विभेद तथा अन्य असमानताजस्ता समस्याले उनीहरूको उज्ज्वल भविष्यमा नकारात्मक असर पार्ने अवस्था छ । यसलाई उन्मूलन गर्नु हामी सबैको साझा दायित्व र जिम्मेवारी हो,' उनले भने ।

सोही अवसरमा सांसद सीताकुमारी रानाले पछिल्लो समय बालबालिका यौन हिंसा र दुर्व्यवहारका समस्या बढ्दै गएकाले राज्यले यस क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिइन् । 'बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नार ासहित शनिबार देशैभरि राष्ट्रिय बाल दिवस मनाइएको हो ।

# मूर्त–अमूर्त सम्पदाको संरक्षणमा जोड

**काठमाडौं (प्रस)**– नेपालका मूर्त र अमूर्त सम्पदाको संरक्षण, प्रवर्द्धनका लागि प्रभावकारी योजना र कार्यक्रम हुनुपर्नेमा जोड दिइएको छ । नेपाल सम्पदा संघको शनिबार राजधानीमा आयोजित ३८औं वार्षिक साधारणसभामा सम्पदाविज्ञहरूले उक्त कुरा बताएका हुन् ।

ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तमछालीले मूर्त/अमूर्त सम्पदाको संरक्षणका लागि छुट्टै विभाग नै गठन गर्नुपर्ने आवश्यकता औंल्याए । उनले प्रतिष्ठानले पनि ललितकलाको समग्र विकास र उत्थानका लागि काम गर्छ भने नेपाली गौरवमय मूर्त/अमूर्त सम्पदा क्षेत्र मात्र हेर्ने विभागको स्थापना भए संरक्षणको क्षेत्रमा अझै मिहीन ढंगले काम हुने बताए ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानांगले सम्पदाको संरक्षणका लागि पुरातात्त्विक सम्पदा क्षेत्रमा हुने निर्माण र पुनर्निर्माण मापदण्डविपरीत नगर्न सचेत गराउँदै आएको बताए । उनले आफू पनि नेपाल सम्पदा संघको सम्पदा संरक्षणको अभियानसँग जोडिँदै आएको र संघले सम्पदा संरक्षण, प्रवर्द्धनका लागि प्रेरित गर्दै आएको बताए ।

कार्यवाहक अध्यक्ष धर्मराज शाक्यको सभापतित्वमा आयोजित कार्यक्रममा संघकी अध्यक्ष अम्बिका श्रेष्ठको असामयिक निधन भएकोले उनीप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनको योगदानको चर्चा गरिएको थियो । संघका महासचिव प्रकाश दर्नालले संघको आयव्ययको प्रतिवेदन प्रस्तुत गर्दै स्वर्गीय श्रेष्ठले सम्पदाको संरक्षणका लागि राखेको लाख रूपैयाँको अक्षयकोषको ब्याज नै संघको स्थायी आयस्रोत भएको बताए । उनले गत वर्ष १३ लाख ४८ हजार ८०० रूपैयाँबराबरको कार्यक्रम गरेको आयव्यय प्रस्तुत गरेका थिए ।

# 'नेपालले जलवायुका हानिकारक चुनौतीको सामना गर्नुपरेको छ'

**काठमाडौं**– वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले नेपालले पछिल्ला केही दशकहरूमा मानव र सामाजिक विकासमा उल्लेखनीय प्रगति हासिल गरे पनि जलवायु परिवर्तनको हानिकारक प्रभावले समावेशी र दिगो विकासमा चुनौती भोग्नुपरेको बताएका छन् ।

ब्राजिलको रियो दि जेनेरियो सहरमा भएको 'वन प्लानेट नेटवर्क फोरम'को सम्मेलनलाई शनिबार सम्बोधन गर्दै उनले नेपालले बहुआयामिक गरिबी, संरचनात्मक बाधा, हिमाली भूगर्भीय विशेषताका चुनौतीसमेत भोग्नुपरेको बताएका हुन् । मन्त्री ठकुरी यही भदौ २५ गते नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गरेका थिए ।


ब्राजिल सरकार तथा संयुक्त राष्ट्रसंघअन्तर्गत वातावरण संस्था 'युएनइपी'को संयुक्त आयोजनामा भएको दुईदिने सम्मेलन शनिबार सम्पन्न भएको हो । 'दिगो उत्पादन तथा प्रयोग र चलायमान अर्थतन्त्र अवधारणा' विषयक ज्ञानलाई सम्बोधन गरी समझदारी तथा अन्तर ाष्ट्रिय सहकार्य बढाउने सम्मेलनको उद्देश्य रहेको छ । सम्मेलनमा उनले नेपाल सरकार दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने अभिलाषा प्राप्त गर्ने दिशामा विश्व समुदायसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको उल्लेख गरे ।

मन्त्री ठकुरीले दिगो उपभोग र उत्पादनका लागि नेपाल सरकारले निकासी अर्थतन्त्रको सट्टा पुनरुत्पादक अर्थतन्त्रमा जोड दिएको बताए । सरकारले प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, स्वच्छ ऊर्जा उत्पादन, फोहोर न्यूनीकरण र पुनर्चक्रण, पारिस्थितिकी प्रणाली पुनःस्थापना र विकास परियोजनाहरूमा वातावरणीय र सामाजिक सुरक्षामा प्राथमिकता दिएको उनले जानकारी दिए ।

उनले भने, 'नेपाल एक हिमाली मुलुक हो । जहाँ हिमालबाट बग्ने सयौं नदी र खोलाहरू छन् । जुन जलविद्युत् उत्पादनका लागि ठूला स्रोतहरू हुन् । हाम्रा स्थानीय जनतालाई जलविद्युत् उत्पादक कम्पनीबाट विकासमा समानरूपमा सेयर प्रदान गरिएको छ । अब हामी छिमेकी मुलुकहरूमा जलविद्युत् निर्यात गर्ने स्थितिमा छौं ।'

उनले नेपालमा करिब २४ लाख हेक्टर राष्ट्रिय वन २३ हजारभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले वन उत्पादन, व्यवस्थापन, प्रयोग र बिक्री वितरणमा अधिकार राख्ने बताए । 'नेपालका राष्ट्रिय निकुञ्जहरू जैविक विविधतामा धनी छन् र नेपाल भ्रमण गर्ने लगभग ५० प्रतिशत पर्यटकहरूले यी राष्ट्रिय निकुञ्जहरूको भ्रमण गर्ने गरेका छन् । *रासस*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, ३० भदौ, २०८१**

| | |
|---|---|
| **मेष** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **वृष** | मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । |
| **मिथुन** | फाइदा हेर्दा नाम बिग्रन सक्छ । |
| **कर्कट** | विभिन्न उपहार प्राप्त हुने समय छ । |
| **सिंह** | भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । |
| **कन्या** | स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ । |
| **तुला** | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । |
| **वृश्चिक** | अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो । |
| **धनु** | अवसरका साथ चुनौती पनि देखा पर्नेछन् । |
| **मकर** | मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । |
| **कुम्भ** | पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ । |
| **मीन** | मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**३० भदौ, २०८१ (१५ सेप्टेम्बर, २०२४)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.९३ | १३४.५३ |
| युरो | १ को | १४८.४९ | १४९.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.७० | १७६.४८ |
| स्विस फ्रैन्क | १ को | १५८.११ | १५८.८२ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६५ | ९०.०५ |
| क्यानाडियन डलर | १ को | ९८.५५ | ९८.९९ |
| सिँगापुर डलर | १ को | १०३.०७ | १०३.५४ |
| जापानी येन | १० को | ९.५१ | ९.५६ |
| चिनियाँ युआन | १ को | १८.८८ | १८.९६ |
| साउदी अरब रियाल | १ को | ३५.६९ | ३५.८५ |
| कतारी रियाल | १ को | ३६.७४ | ३६.९० |
| थाई भाट | १ को | ४.०१ | ४.०३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४६ | ३६.६३ |
| मलेसियन रिङेट | १ को | ३१.१४ | ३१.२८ |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | १०.१२ |
| स्विडिस क्रोनर | १ को | १३.०६ | १३.१२ |
| डेनिस क्रोनर | १ को | १९.९० | १९.९९ |
| हङकङ डलर | १ को | १७.१७ | १७.२५ |
| कुवेती दिनार | १ को | ४३८.९३ | ४४०.८९ |
| बहराइन दिनार | १ को | ३५५.३४ | ३५६.९३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जापानिज इन्सेफ्लाइटिसबाट १४ जनाको मृत्यु

**काठमाडौं (प्रस)–** जापानिज इन्सेफ्लाइटिसको संक्रमणबाट १४ जनाको मृत्यु भएको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जापानिज इन्सेफ्लाइटिसले अहिलेसम्म १४ जनाको मृत्यु भएको जानकारी दिए ।

डा. गौतमका अनुसार अहिलेसम्म ६१ जनालाई जापानिज इन्सेफ्लाइटिसको संक्रमण देखिएको छ । ती सबैको नमूना परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको थियो । उनले भदौ १५ देखि असोज १५ सम्म जापानिज इन्सेफ्लाइटिस्को उच्च जोखिम रहेकाले सजकता अपनाउन आग्रह गरे ।

सामान्यता साउनदेखि कात्तिकसम्म जापानिज इन्सेफ्लाइटिस देखिन्छ तर जापानिज इन्सेफ्लाइटिस सार्ने पोथी प्रजातिको 'क्युलेक्स' लामखुट्टेले पानी जम्ने र फुल पार्ने भएकाले असोज १५ गतेसम्म जोखिम नै रहेको डा. गौतमको भनाइ रहेको छ । महिनामा धान खेतमा जम्मा हुने पानीमा ती प्रजातिका लामखुट्टेले फुल पार्ने र ती फुलबाट लामखुट्टेले सुँगुर र हाँसलाई टोकेर आफूमा संक्रमण सार्दछन् र ती संक्रमित लामखुट्टेले मानिसलाई टोकेपछि रोग सार्ने गर्दछ ।

'क्युलेक्स' लामखुट्टेले फोहोर पानीमा फुल पार्ने गर्दछ। जापानिज इन्सेफ्लाइटिस् 'क्युलेक्स' प्रजातिको लामखुट्टेले टोकेको छ देखि १६ दिनसम्म लक्षण देखापर्ने डा. बताए । सरकारले सन् २०१६ देखि नै जन्मेको १२ महिनाका बालबालिकालाई जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोप दिँदै आएको छ ।

सन् १९९९ देखि २००६ सम्म केही उच्च जोखिम भएका जिल्लामा खोप दिए पनि पछि जन्मेका सबै बालबालिकालाई उक्त संक्रमणबाट जोगाउन खोप दिँदै आएको छ। शाखा प्रमुख डा. गौतमले १२ महिनामा छुट भएका बालबालिकालाई पाँच वर्षसम्म खोप दिइने जानकारी दिए । जापानिज इन्सेफ्लाटिस् धेरैजसो १५ वर्षमुनिका बालबालिकामा हुने गर्दछ ।

लामखुट्टेले टोकेपछि बेस्सरी टाउको दुख्ने, उच्च ज्वरो आउने, पक्षघात हुने, घाँटी कडा हुने, कम्पन हुनेजस्ता समस्या देखिने गर्दछ । लमखुट्टेको टोकाइबाट बच्न झुल टाँगेर मात्र सुत्ने, हाँस, कुखुरा, सुँगुरजस्ता घरपालुवा जनावरलाई घरदेखि टाढा राख्ने, घरबाहिर निस्कँदा वा खेतबारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाउने, घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे वृद्धि हुने भएकाले घर वरिपरि पानी जम्ने खाल्डाखुल्डी पुर्ने, लामखुट्टे भगाउने धूप बाल्ने वा मलम लगाउनुपर्दछ ।



**दौड प्रतियोगिता** | दाङको घोराही उपमहानगरपालिका–१५ स्थित गुरुकुल एकेडेमीले ६०औं बाल दिवसका अवसरमा शनिबार बिहान आयोजना गरेको दौड प्रतियोगितामा भाग लिएका बालबालिका ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# सबै वडा 'बालश्रममुक्त वडा' घोषणा गर्ने तयारीमा चन्द्रागिरि

**काठमाडौं (प्रस)–** चन्द्रागिरि नगरपालिकाले चालु आर्थिक वर्षभित्र आफ्ना सबै वडालाई 'बालश्रममुक्त वडा' घोषणा गर्ने भएको छ । यसका लागि नगरपालिकाले 'बालश्रममुक्त वडा' घोषणा कार्यक्रमलाई उच्च प्राथमितामा राखेको छ ।

यसक्रममा शनिबार चन्द्रागिरि-११ लाई बालश्रममुक्त घोषणा गरियो । हालसम्म नगरका १५ वडामध्ये विभिन्न सात वडालाई 'बालश्रममुक्त वडा' घोषणा गरिएको नगरपालिकाले जनाएको छ । 'बालबालिकालाई श्रममा प्रयोग नगरौं, बालश्रममुक्त समाजको निर्माण गरौं' भन्ने नारासहित हालसम्म चन्द्रागिरि नगरपालिकाका वडा नं ३, ५, ६, ७, ८, ११ र १४ लाई 'बालश्रममुक्त वडा' घोषणा गरिएका छन् ।

नगरपालिकाले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७५ को लक्ष्यअनुसार बालश्रम निवारणका लागि बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ अवलम्बन गरेको छ । साथै नगरपालिकाले बालश्रम निवारणसम्बन्धी कार्ययोजना बनाई बालश्रममुक्त नगर तथा वडा निर्माणका लागि विविध कार्यक्रम सञ्चालन गरिरहेको छ ।

बालबालिकासम्बन्धी बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ ले विभिन्न ३९ सूचक पूरा गरेको अवस्थामा बालश्रम घटेको हुनुपर्ने उल्लेख छ । चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले सतुंगलमा शनिबार आयोजित कार्यक्रममा चन्द्रागिरि-११ लाई 'बालश्रममुक्त वडा घोषणा' गर्दै बालश्रम निवारणका लागि नगरपालिकाले उच्च प्राथमिकता दिँदै आएको जानकारी दिँदै घोषणापछिको दीगोपनमा काम गर्नुपर्ने बताए । बालमैत्री नगर घोषणाका लागि प्रारम्भिक चरणमा विभिन्न सूचक पूरा गरी वडालाई बालश्रममुक्त बनाउँदै लगिएको उनले जानकारी दिए । उनका अनुसार आगामी २०८१ सालको चैतसम्ममा नगरका सबै वडा बालश्रममुक्त वडा घोषणा भइसक्ने छन् ।

यो नेपालकै बालश्रममुक्त स्थानीय तहको सातौं नम्बरमा चन्द्रागिरि आउने छ । कार्यक्रममा उपप्रमुख बसन्ती श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्याल, वडा ११ का वडाध्यक्ष नरेन्द्रराज श्रेष्ठ, वडा १५ का वडाध्यक्ष घनश्याम लुईटेल, सामाजिक विकास शाखाकी प्रमुख रश्मी श्रेष्ठलगायत विभिन्न नगरपालिकाका विषयगत शाखाका प्रमुख, विभिन्न बाल क्लब, विद्यालयका छात्रछात्रा एवं स्थानीयवासीको सहभागिता थियो । प्रमुख प्रशासकीय अधिकृत अर्यालले 'बालश्रममुक्त वडा'पछिको दीगोपनका लागि स्थानीय पालिका, संघसस्थाको सहकार्य आवश्यक रहेको र यसका लागि नगरपालिकाले सहजीकरण गर्ने बताए ।

सो अवसरमा चन्द्रागिरि-११ का वडाध्यक्ष श्रेष्ठले बालश्रममुक्त घोषणासम्म आइपुग्न पुर्‍याइएको साथ र सहयोगप्रति वडावासीलाई धन्यवाद दिँदै यसको दीगोपनका लागि भविष्यमा काम गर्ने जानकारी दिए । चन्द्रागिरि-११ का वडा सदस्य सिंहबहादुर महर्जनले समृद्ध वडा बनाउन विभिन्न काम भैराखेको बताए ।

यस अगाडि बाजागाजसहित निस्केको र्‍याली घोषणासभामा परिणत भएको थियो । सो अवसरमा कार्यक्रममा सहभागीले 'चन्द्रागिरि नगरपालिका, ११ नं वडा, काठमाडौंलाई बालश्रममुक्त घोषणा गरी हामी नगरपालिकाका जनप्रनिधि, विषयगत समिति, विद्यालय, बाल क्लव, सञ्चारकर्मी, उद्योग व्यवसायी, संघसस्था तथा सरोकारवालाहरू बालश्रममुक्त वडालाई नियमितता दिन र बालश्रम निवारण गर्न प्रतिबद्ध छौं' भन्ने घोषणापत्रमा हस्ताक्षरसमेत गरेका थिए ।

बालश्रममुक्त बनाउनका लागि विभिन्न २० सूचक पार गर्नुपर्छ । यस्तै बालमैत्री बनाउनका लागि विभिन्न ५१ सूचक पूरा गर्नुपर्ने जनाइएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनका (आइएलओ) को प्रतिवेदनअनुसार नेपालमा पाँचदेखि १७ वर्ष उमेर समूहका ७० लाख बालबालिकामध्ये ११ लाख बालश्रममा संलग्न छन् । १३ वर्ष उमेर समूहसम्मका बालबालिकाको संलग्नता १८ प्रतिशत रहेको छ भने १४ देखि १७ वर्ष उमेर समूहका १० प्रतिशत बालबालिका श्रममा छन् । बालकभन्दा बालिका श्रममा बढी रहेको जनाइएको छ । प्रतिवेदनअनुसार १४ प्रतिशत बालक र १७ प्रतिशत बालिका श्रममा रहेका हुन्छन् ।




# राजधानीमा दलित युवाको अर्धनग्न प्रदर्शन




**काठमाडौं (प्रस)–** समानुपातिक समावेशी प्रतिनिधित्वलगायत दलितहरूको आत्मसम्मान र सशक्तीकरणका लागि संविधानप्रदत्त अधिकार कार्यान्वयनको माग गर्दै दलित युवाहरूले अर्धनग्न प्रदर्शन गरेका छन् ।

माइतीघर मण्डलमा विगत ३९ दिनदेखि आन्दोलन गरिरहेका युवाहरूले शनिबार अर्धनग्न जुलुस गर्दै आफ्ना मागबारे पुनः ध्यानाकर्षण गराएका हुन् । अर्धनग्न र अन्य सहभागी प्रदर्शनकारीले माइतीघरदेखि बानेश्वरसम्म विभिन्न नारा लगाएर प्रदर्शन गरेका थिए । प्रदर्शनकारीले 'प्रजातन्त्र आयो दलितलाई खै ? लोकतन्त्र आयो दलितलाई खै ? गणतन्त्र आयो दलितलाई खै ? संविधान आयो दलितलाई खै ? व्यवस्था फेरियो दलितलाई खै ?' जस्ता नारा लगाएका थिए। 'दलितका लागि दलित अभियान नेपाल' का संयोजक खगेन्द्र सुनारले दलितलाई समान अवसर र अधिकारको पालना नभएको भन्दै आफूहरू ३९ दिनदेखि आन्दोलनमा रहे पनि हालसम्म सम्बन्धित निकायबाट कुनै सुनुवाइ नगरेको गुनासो गरे । त्यसैकारण अर्धनग्न प्रदर्शन गर्नुपरेको उनले बताए ।

आन्दोलनकारीले संविधानको व्यवस्थाअनुसार सबै तहका मन्त्रिपरिषद्, नीति निर्माणका तह, निकाय तथा नियुक्तिलगायत राज्यका सबै तहमा जातीय जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, आवासलगायत अधिकारको कार्यान्वयन गरिनुपर्ने माग राख्दै आन्दोलन गरिरहेका छन् ।

## बर्दगोरिया गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति : २०८१/०५/३०

यस बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ. व. २०८१/०८२ अन्तर्गत ठेक्का न. 03/BRM/NCB/W/2081/082 को Ward no.5 office तय pathiriya Irrigation road Construction work ठेक्का न. 04/BRM/NCB/W/2081/082 को Prithivipur Jokai Road (Road construction starting from end point jokahi), ठेक्का न. 05/BRM/NCB/W/2081/082 को Mahendrarajmarga–Dakshin nimuwabojhi–Shivamandir tole–dodhara, र ठेक्का न. 06/BRM/SQ/G/2081/082 को Procurement and instillation of Air Conditioner (AC) कार्यका लागि प्रथम पटक सूचनाको बिस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.bardagoriyamun.gov.np र http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

## युएईमा रोजगार
कम्पनी : PARAGON EMPLOYMENT SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०५/२८ | LT. No. 310636 | चलानी नं.६०२२५२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 200 | 0 | 800 | २९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ६ गते (22nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All-Solution Employment Service Pvt. Ltd.
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-4975144/ 4975145
E-mail : info@allsolution.com.np, Web: www.allsoloutionemployment.com

## साउदीमा रोजगार
कम्पनी : AL YASMEEN AL MUMYAZ TRADING EST
पूर्व स्वीकृति मिति : २०८१/०५/२७ | LT. No. 310674 | चलानी नं. ६०२२५३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectionery Maker | 2 | 0 | 1200 | ४२,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ७ गते (23th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## बीमालेख हरायो
मिति २०८१/०३/१२ गते सातदोबाटो देखि कलंकी सम्म जाँदा मेरो सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स बाट जारी मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

नामः बद्री गिरी
बीमालेख नं.: ३२५०००००८०
फोन नं.: ९८४३४७५५९१

## बहराईनमा रोजगार
कम्पनी : MILUPA BEAUTY SALON
शहर : Manama
पूर्व स्वीकृति मिति : २०८१/०५/२७ | LT. No. 310759 | चलानी नं.६०२२५३३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ५३,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 4 | 150 | ५३,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ६ गते (22nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DREAM RECRUITING SERVICE Pvt. Ltd. — Govt. License No. 1154/073/74
DREAM RECRUITING SERVICE
(SOS MARGA) Koteshwor-32, Kathmandu, Nepal, Tel: +977-1-5147279, Mobile: 9851033135 /9806138777,
E-mail : info.dreamrecruiting@gmail.com, dreamhumanresources1@gmail.com, Web: www.dreamrsnepal.com

## जापानमा रोजगार
कम्पनी : NITCHU GIJUTSU KORYU KYODO KUMIAI
पूर्व स्वीकृति मिति : २०८१/०५/२८ | LT. No. 310801 | चलानी नं.६०२२५२८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Interior Building Cleaning (Building Cleaning) | 4 | 6 | 155307 | १४७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ६ गते (22nd Sep. 2024) मा हुनेछ ।
नोटः N5 पास गरेको र N4 सम्म पढेकोलाई विशेष प्राथमिकता दिईनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः ५०,०००

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Elite Gurkhas Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### निष्पक्ष प्रतिवेदनको पर्खाइ

**सहकारीको बचत अपचलनसम्बन्धमा छानबिन गर्न गठित संसदीय विशेष छानबिन समितिले प्रतिवेदन लेखनको काम गरिरहेको छ । समितिलाई तोकिएको तीन महिनाको कार्यावधिमा प्रतिवेदन लेखनको काम नसकिएपछि थप १५ दिन समय दिइएको छ । उक्त अवधिमा प्रतिवेदन बुझाउने अपेक्षा गरिएको छ । साथै, समितिले कस्तो प्रतिवेदन बुझाउला भन्ने आमचासोको विषय बनेको छ ।**

**यहीबीच सहकारीको बचत अपचलनका नयाँ–नयाँ प्रकरणहरू बाहिर आइरहेका छन् । यस प्रकरणमा नेताहरूको संलग्नता पनि धमाधम खुल्न थालेको छ । पछिल्लो समय सत्तारुढ दल नेपाली कांग्रेसका उपसभापति, पूर्वकानुनमन्त्री एवं प्रतिनिधिसभा सदस्य धनराज गुरुङ चर्चामा छन् । उनकी पूर्वपत्नी ज्योति गुरुङले ललितपुरको मितेरी बचत तथा ऋण सहकारीको बचत अपचलन गरेको विषय अनुसन्धानको क्रममा रहेको छ । त्यसमा पूर्वमन्त्री गुरुङ जोडिएका हुन् । उनीहरूबीच भएको भनिएको 'डिभोर्स' नै शंकास्पद देखिएको सरोकारवालाले आरोप लगाइरहेका छन् । जसकारण उनीहरूको डिभोर्सलाई 'सहकारी डिभोर्स' को संज्ञा पनि दिइएको छ ।**

**गुरुङ मात्रै होइन संसद्को सार्वजनिक लेखा समितिका सभापति रहेका एमाले सांसद ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला सहकारीको बचत अपचलन प्रकरणमा जोडिएकी छन् । कोइराला यसअघि मोरङको धनपालथान गाउँपालिका–४ कर्सियाको उमागौरी कृषि सहकारी संस्थामा आबद्ध थिइन् । उक्त सहकारीमा १२ करोड रूपैयाँभन्दा बढी अपचलन भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ ।**

**रास्वपा सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने, रास्वपाकै नेता तथा पूर्वश्रममन्त्री डिपी अर्याल, राप्रपा सांसद गीता बस्नेतलगायत यही प्रकरणमा मुछिएका छन् । विशेषगरी प्रतिपक्षमा रहेका बेला कांग्रेसकै जोडबलमा संसदीय छानबिन समिति गठन भएको हो । समिति गठनको माग गर्दै लामो समय कांग्रेसले संसद् नै अवरुद्ध गरेको थियो । त्यतिबेला कांग्रेसको तारो बनेका थिए पूर्वगृहमन्त्री लामिछाने । अहिले सत्तामा रहेका बेला सोही पार्टीका उपसभापति गुरुङ र एमाले सांसद पोखरेलकी पत्नी सहकारी अपचलन प्रकरणमा जोडिएका छन् । यसअघि गुरुङ आफैं पनि अपचलनमा संलग्नमाथि कारबाहीको माग गर्दै कडा रूपमा अभिएका नेता हुन् । अहिले आफैं मुछिएपछि आफू उम्किने दाउमा देखिन्छन् ।**

**सहकारीको बचत अपचलन प्रकरणमा जो सुकै जोडिएका हुन्, दोषीलाई उन्मुक्ति दिइनु हुँदैन । छानबिन समितिले सबैमाथि अनुसन्धान गरेर निष्पक्ष प्रतिवेदन बुझाउने अपेक्षा गरौं । यदि, निष्पक्ष प्रतिवेदन नआए सहकारीपीडितमाथि अन्याय हुने र पीडितको आक्रोशबाट उत्पन्न हुने परिस्थितितर्फ समितिको ध्यान जाओस् ।**

## मनन्योग्य

### चाणक्य नीति

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'ध

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको भ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

# ऐतिहासिक इन्द्रजात्रासँग जोडिएका आख्यान



■ पदम श्रेष्ठ

> इन्द्रजात्रा काठमाडौंमा राज्यप्रमुखको उपस्थितिमा कुमारी रथारोहण गरी मनाउने भए तापनि ललितपुरको च्यासलमा नेपालको 'प्रथम चलचित्र !' झ्यालचा प्रदर्शन गरी मनाइने परम्परा छ । येंयाः पून्ही भाद्रशुक्ल पूर्णिमाका दिन साँझ ७:३० बजेदेखि एक घण्टा प्रदर्शन हुने झ्यालचा चलचित्र सेतो पर्दाभित्र चिर दीप बाली यौनभावको क्रियाकलाप देखाउने हुँदा चलचित्र हेर्नेहरूको ठूलो भीड लाग्ने गर्दछ । प्रजापति गुथीको यो प्रस्तुतिलाई छायाँ दर्शन पनि भन्ने गरेको पाइन्छ ।

आज (भदौ ३० गते) भाद्रशुक्ल द्वादशीका दिन हनुमानढोका कालभैरव अगाडि यःसिं (इन्द्रध्वज) उठाएपछि असोज ४ गते कृष्ण चतुर्दशीसम्म राजधानीमा इन्द्रजात्रा मनाइँदै छ । उपत्यकावासीहरू इन्द्रजात्रालाई यलम्बर जात्रा येंयाः अर्थात् काठमाडौं नगर उद्घाटन भएको दिन मान्दछन् ।

कलिगत संवत् ३८२५ (वि.सं. ७८१)मा राजा गुणकामदेवले पचलीलाई बिंड र म्हयपीलाई मञ्जुश्री खड्गको टुप्पो हुनेगरी देशको चारैतिर अष्टमातृका पीठ विराजमान गराई येंगा हिटीनेर उद्घाटन गरेको विश्वास गरिन्छ ।

अर्को आख्यानअनुसार किराँती राजा यलम्बर पाँच हजार वर्षअघि भारतको कुरुक्षेत्रमा भएको महाभारत युद्धमा कौरव र पाण्डवमध्ये जुन पक्ष हार्छ उसैको पक्षमा लड्ने बताएछन् । यस्तो भएमा युद्ध कहिल्यै अन्त्य नहुने देखेर छली कृष्ण भगवान्ले छलगरी यलम्बरको टाउको दुई टुक्रा हुनेगरी काटिदिए । यही दिनको स्मरणमा यहाँ आजुद्यो (आकाशभैरव)को शिर र अर्कोतर्फ बाकाद्यो (आजुद्योको साथी) तान्त्रिक पूजासहित सार्वजनिक गरिन्छ । इन्द्रध्वजोत्थानकै दिनदेखि काठमाडौं, ललितपुर, भक्तपुरका नेवार बस्तीहरूमा हाथुद्यो (भैरव) मूर्ति सार्वजनिक गरिन्छ । यसै दिनदेखि हल्चोक स्वयम्भूको सवः भक्कु, किलागलबाट पुलुकिसी (तानाकिसी), मजिपातबाट मजिपाः लाखे, कुम्हाननीको कुम्हो प्याखँ, किलागलको दि प्याखँ (देवी नृत्य), भक्तपुरबाट महाकाली प्याखँ गणनृत्य र माकः प्याखँ र त्रिपुरेश्वरको १० अवतार झाँकी वसन्तपुर दरबारमा प्रदर्शन गरिन्छ भने पाटनको च्यासलमा नेपालको प्राचीन यौन चलचित्र' झचालिँचा मञ्चन गरिन्छ ।

### इन्द्रजात्रा आख्यान

इन्द्रजात्राको प्रचलित आख्यानुसार स्वर्गका राजा इन्द्रले आफ्नी आमा डाँगीका लागि तीज व्रत बस्न पारिजातको फूल टिपिरहेकोदेखि ज्यापूले चोर ठानेर पक्री दुई हातखुट्टा बाँधी सार्वजनिक बेइज्जत गरेदेखि इन्द्रजात्रा नाउँ उल्लेख भएको बताइन्छ ।

### उपाकू बनेगु

भाद्रकृष्ण द्वादशी (यँलाथ्व द्वादशी) अर्थात् इन्द्रध्वजोत्थानकै दिन साँझ मृतकका नाउँमा बाटोभर धूप-दीप (पाल्चा) बाल्दै देवी-देवतालाई धूपन, अक्षता, गद चढाउँदै 'उपाकू परिक्रमा' गर्ने गरिन्छ ।

### जीवित देवी कुमारीको रथयात्रा

मातृसत्तात्मक नेवार समुदायको प्रतीक जीवित देवी कुमारी, श्रीभैरव र श्रीगणेश रथारोहण नै इन्द्रजात्राको प्रमुख आकर्षण मानिन्छ । येंयाः पून्हीको यसदिन असोज १ गते नेवार समुदायका घरघरमा छ्वयला (पोलेको मासु), अदुवा, लसुन, कालो भटमास, समयबजी (स्याबजी-चिउरा) बाँड्ने र 'ला छकू वय्क समयबजी बल-बल पुलुकिसी' भन्दै माग्न जाने परम्परा छ भने वसन्तपुर गद्दी बैठकमा राष्ट्रप्रमुख, विभिन्न देशका राजदूत र कूटनीतिक नियोगका व्यक्तिहरूको उपस्थितिमा श्रीकुमारीको भव्य रथारोहण तथा पञ्चबुद्ध मजिपाः लाखे, सवः भक्कु आदिको झाँकी प्रदर्शन गरिन्छ ।

एक युगको कुरा हो, राजा त्रैलोक्य मल्ल र तलेजु भवानीबीच पासा खेल्दै राज्य सञ्चालनबारे कालो पर्दाले छेकी वार्ता भइरहेको बेला राजाले मनमा पाप चित्त उत्पन्न गरेछ । उक्त कुरा थाहा पाएकी देवी तलेजु भवानीले अबदेखि शाक्य थरकी कन्याको जीउमा मात्र आफू प्रकट हुने र उनैसँग सल्लाह लिनू भनी उपदेश दिँदै अलप भइछन् ।

त्यसै बेलादेखि जीवित देवी कुमारीसँग राज्यप्रमुखले इन्द्रजात्रामा टीका लगाउने परम्परा चलेको हो । यदि राज्यप्रमुख कुमारी घर वसन्तपुर नपुगी अपमान गरे राज्य स्थिर नरहने विश्वास गरिन्छ । अन्तिम मल्ल राजा जयप्रकाश मल्ललाई कुमारीले अब तिम्रो राज्य गर्ने शक्ति सकियो, अस्तित्त्व बचाइराख्न कुमारी रथारोहण गराउनू भन्ने उपदेश भए मुताविक ने.सं. ८७६ देखि रथारोहण थालिएको मानिन्छ । ने.सं. ८८८ मा गोर्खाका राजा पृथ्वीनारायण शाहले यसै दिन कुमारी रथारोहणमा मस्त नेवारमाथि विनायुद्ध हमला गरी नेपाल मण्डल आफ्नो अधीनमा लिए तर नेवार अस्तित्त्वलाई आत्मसात् गरे । गुठी सम्पत्ति आफ्नै चंगुलमा राखे पनि जात्रा-पर्वका लागि दक्षिणा दिने परम्परा बसाएका थिए ।

### कुमारी रथारोहणबारे प्रसिद्ध आख्यान

पचलीभैरव र ङेत अजिमाँ (नरदेवी)को राज्य चलिरहेको बेला अति बलियो दैत्यले आक्रमण गरी अष्टमातृका गण र भैरवहरू सबैलाई हराइदिए छन् तर दैत्यको कुमारीसँग प्रेम सम्बन्ध थियो । माता-पिता र राष्ट्रलाई धरापमा पारी आफूसँग विवाह गर्न चाहने दैत्यसँग कुमारी सहमत भइनन् र अन्त्यमा छलगरी कुमारीद्वारा राष्ट्रघाती एवं माता-पिताका दुश्मनलाई वध गरी आफू आजीवन कुमारी रहने प्रतीज्ञा गरिन् । यही त्यागकोस्वरूप रथारोहणको बेला दबू प्याखँ (डबली नृत्य) जोशी देगलमा प्रदर्शन गरिन्छ ।

### इन्द्रजात्रामा पाटन च्यासलको झ्यालचा

इन्द्रजात्रा काठमाडौंमा राज्यप्रमुखको उपस्थितिमा कुमारी रथारोहण गरी मनाउने भए तापनि ललितपुरको च्यासलमा नेपालको 'प्रथम चलचित्र !' झ्यालचा प्रदर्शन गरी मनाइने परम्परा छ । येंयाः पून्ही भाद्रशुक्ल पूर्णिमाका दिन साँझ ७:३० बजेदेखि एक घण्टा प्रदर्शन हुने झ्यालचा चलचित्र सेतो पर्दाभित्र चिर दीप बाली यौनभावको क्रियाकलाप देखाउने हुँदा चलचित्र हेर्नेहरूको ठूलो भीड लाग्ने गर्दछ । प्रजापति गुथीको यो प्रस्तुतिलाई छायाँ दर्शन पनि भन्ने गरेको पाइन्छ ।

भक्तपुरमा पुलुकिसी जात्रा गर्दछ । इन्द्रजात्राका बेला भक्तपुरमा यमाद्यः भनी इन्द्र मूर्ति प्रदर्शन गरिन्छ । काठमाडौंमा ऐरावत हात्तीको प्रतीकस्वरूप तानाकिसी जात्राजस्तै भक्तपुरमा अष्टमी व्रतका लागि खाइसी लिन आएका छोरा इन्द्र ढिलो भएका कारण आमा डाँगीले ऐरावत हात्तीलाई खोज्न पठाएको नाउँमा यहाँ पुलुकिसी जात्रा गरिन्छ । भूतप्रेतबाट दुःख नदिइयोस् भन्ने कामना गर्दै पुलुकिसी जात्रा तानताना बाजाको तालमा देश परिक्रमा गर्दा बटुवाबाट जगात उठाइन्छ । हात्तीले नःपुर्खुमा पानी र ब्रह्मायणीतर्फ फर्काएर धान खुवाउने जात्रा गरिन्छ । अनौठो भनाइ के छ भने पुलुकिसीले जात्रामा जसको खेततर्फ फर्किएर धान खान्छ, त्यसको खेतमा धान फल्दैन ।

### नागचा प्याख

इन्द्रजात्रा येँया पून्हीकै अवधिमा पशुपति क्षेत्र जयवागेश्वरीमा नागचा प्याखँ शिव-पार्वती नृत्य हुने गर्दछ । आश्विन कृष्ण परेवाको रातिदेखि तीन दिन पूर्णिमासम्म मृदंगबाजाको तालमा प्रेमलीलामा आधारित नागचा प्याखँमा नेपालभाषा, नेपाली, हिन्दी मिश्रित गीत भटचाउने गरिन्छ ।



### दागीं वा बौमत

यँलाथ्व चतुर्दशीका दिन कुमारी रथारोहणसँगसँगै काष्ठमण्डप मरुबाट दाबी (इन्द्रकी आमाको प्रतीकस्वरूप) सेतो मुकुण्डो र जामासहितको भेषभूषामा धिमे-भुस्या (परम्परागत नेवारी बाजा)को संगीतमय तालमा नगर परिक्रमाका लागि बाहिर निकालिन्छ । त्यसैगरी इन्द्रका पिताका रूपमा बौमत कुमारी रथारोहणकै मार्गमा मृतकका नाउँमा दीपदान गर्दै घुमाइन्छ । यसरी नगरपरिक्रमा गर्दा मृतकका नाउँमा नौ थरी गेडागुडी सर्स्युं, तोरी, कालो तिल, जौ, ज्वानो, केराउ, गेडामास, कालो भटमास बाटोभर छर्दै हिंड्ने परम्परा छ । यसैदिन स्वर्गको बाटोको रूप मान्दै काठमाडौंबाट १५ किलोमिटर पश्चिम थानकोटस्थित इन्द्रदह (यंकीदह)मेला भर्न राति नै हिँडेर पुग्ने गर्दछन् ।

### नानिचा याः (दथु याः)

यँलागा चतुर्दशी अर्थात् इन्द्रजात्राको अन्तिम दिन कुमारीसहितको रथ किलागलतर्फ लाने परम्परा छ । राजा जयप्रकाश मल्लले मथ्याम्ह (ल्याइते) रानीलाई देखाउन अन्तिम रथारोहण 'नानिचा याः' (नानीका लागि यात्रा)को परम्परा थप गरिएको जनश्रुति छ । राज्य प्रमुखद्वारा कुमारी दर्शन, इन्द्रध्वज विसर्जन, हाथुद्यो (भैरव) र यःमाद्यो (इन्द्र) प्रदर्शन गरी इन्द्रजात्राको समापन गरिन्छ ।

### ख्वप भक्तपुरको पुलुकिसी जात्रा

यलाथ्व द्वादशीदेखि यँलागा चौथीसम्म हुने इन्द्रजात्रा (येंयाँ) पून्हीको अन्तिम दिन नानिचायाँमा

### इन्द्रराज आएर भने दुःख फूं हरणया

कर्जा हुँ म भएँ, धन राजा पञ्चाल देश

किंवदन्तीअनुसार सुन्दर नामक राजकुमारको देशमा अमर व्याधा सिकार खेल्दै जंगल पुग्दा तातो पानीको पोखरी देखेछन्, पोखरी छेउ एक मन्त्रसिद्धि वैद्य जप गरिरहेका । व्याधाको आग्रहमा वैद्यले पोखरीको पानी चिसो बनाइदिए । तापका कारण छट्पटाइरहेका जीवजन्तु नागराजा एकाएक पानी सामान्य भएबाट खुसी हुँदै बाहिर निस्कँदा व्याधालाई देखे । खुसी भएका नागराजले इच्छाएअनुसार अमोघपास हतियार दिई पठाइदिए । हतियारको माध्यमबाट व्याधा दाजुभाइले देवराज इन्द्रकी छोरी मागे, एउटीसँग कसले विवाह गर्ने विवाद हुँदा दाजुभाइले अमोघपास हतियार र राजकुमारीलाई सुन्दर राजकुमारको जिम्मा लगाई धनसम्पत्ति, गहना लिएछन् । अन्त्यमा महादेवको सहयोग लिई देवराज इन्द्रले आफ्नी छोरी सुन्दर राजकुमारबाट फिर्ता लगेको आख्यानमा नागचा प्याखँ नचाउन अमालकोट कचहरीमार्फत समयबजी चढाउने परम्परा छ । जय बागेश्वरी नासल चोकबाट सुरू हुने नागचा प्याखँ सिफल, ताम्रोश्वर, नवाली गणेश, बासुकी भट्ट र पशुपति मूल भट्टको घरमा, राममन्दिर, राजराजेश्वरी, गृह्येश्वरीमा नचाउँदै इन्द्रजात्राको अन्तिम दिन नानिचायाः गरी नागचा प्याखँ सम्पन्न गर्ने परम्परा छ ।

## पत्र-मञ्जुषा

# शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन योजनाविहीन सरकार

आर्थिक मन्दीले गुज्रिएको मुलुक अझै माथि उठ्न सकेको छैन । दलहरू सत्ता फेरबदलमै केन्द्रित हुँदा मुलुकको समस्या यथास्थितिमा मात्रै होइन, अझ बढ्दै गएको अवस्था छ । सर्वसाधारण जनता भन्छन्, 'सरकारले नै मन्दी हटाउन चाहेन । बजार चलायमान बनाउन र राजस्व उठाउन चासो दिएन ।' बजारमा ५०० र हजारको नोट अभाव हुँदै गएको छ । पैसा हुनेहरूले घरमै रकम लुकाएर राखेका छन् । पैसा नहुनेहरूले त के गरुन् ! किनकि ऊसँग हिजो पनि पैसा थिएन र आज पनि छैन ।

तर, यहाँ पैसा हुनेहरूले बजारमा लगानी नगर्दा समस्या निम्तिएको हो । मुलुकमा आर्थिक मन्दी देखिएको झण्डै चार वर्ष हुन लागिसकेको छ । यस अवधिमा अधिकांश व्यवसायी व्यापार व्यवसायबाट पलायन भएका छन् । घरजग्गा, गाडीमा पनि व्यापक मन्दी छ । सेयरमा पनि यस्तै भएको थियो ।

तर, अहिले फेरि दलालीहरूले हल्ला फिजाएर सर्वसाधारण ठग्न सुरु गरेका छन् । बजार चलायमान हुन कुनै पनि क्षेत्रमा लगानी हुन आवश्यक छ । लगानी भएपछि त्यसपछि आम्दानीसँगै रोजगारी सिर्जना हुन्छ र राज्यले पनि राजस्व प्राप्त गर्छ । यद्यपि, पछिल्लो समय नेपालमा कोही पनि लगानी नै गर्न चाहँदैनन् ।

लगानी गरेकाहरूले पनि डुबेपछि हात उठाएका छन् । त्यसैले, अहिले पैसा हुनेहरूले डुब्ने डरले लगानी नगरी घरमै रकम लुकाएका छन् । यसले एकातिर बजार चलायमान हुन सकेन भने अर्कातिर मुलुक झन्झन् मन्दीमा गएको छ । अहिले सातामा दुईपटक मन्त्रिपरिषद् बैठक बसिन्छ ।

सोमबार र बिहीबार क्याबिनेट बैठक बस्ने चलन छ । विडम्बना, मन्त्रिपरिषद् बैठकले मुलुकमा आर्थिक मन्दी हटाउने खालका कुनै पनि निर्णय गर्दैन । अहिले बजारमा ५०० र हजारको नोटमा प्रतिबन्ध लगाउनुपर्छ भनेर आवाज उठिसकेको छ । यद्यपि, क्याबिनेट भने यस्तो कुनै निर्णय गर्दैन । यहाँ त सरकार राजस्व उठाउन र बजार चलायमान गराउनतर्फ लाग्दैन अनि हप्तैपिच्छै अर्बौं विदेशी ऋण स्वीकृति गरिन्छ । यस्तो पाराले पनि देश चल्छ ? कहिलेसम्म विदेशी ऋणको भरमा देश चलाइरहने प्रधानमन्त्री केपी शर्मा ओलीज्यू ?

हिन्दू नेपालीहरूको महान् चाड बडादसैं नजिकिएको छ । दसैं वर्ष दिनमा आउने चाड हो । त्यसैले, अन्य समयमा मिठो नखाए पनि वा नयाँ कपडा नलगाए पनि दसैंमा खाइन्छ र लगाइन्छ । तर, अहिले दसैं मुखमै आइसक्दा पनि बजार चलायमान हुन सकेको छैन । बजार अझै सुनसान छ । व्यापारीहरू दिनभर बोहनीसमेत नहुने बताउँछन् । उनीहरू भन्छन्, 'यही दसैंमा व्यापार हुन्छ कि भनेर बसेका हौं । दसैंपछि हामी पनि पलायन हुन्छौं ।' बजारमा दसैंपछि अधिकांश कोठा, फल्याट र सटर खाली हुने बताइन्छ । साथै, दसैंमा घर जाने मानिसहरू पनि फर्किने छैनन् । फर्केर पनि के गरुन्, जब यहाँ रोजगारी नै छैन । चर्को भाडा तिरेर घरधनीलाई धनी बनाउनुभन्दा आफ्नै गाउँघरमा बस्नु बेस भन्न थालिसके नागरिकले ।

दसैंपछि बजार झन् शिथिल हुने बताइन्छ । अहिले नै घरजग्गा र गाडी किनबेच ठप्प छ । सेयरमा अहिले त दलालीहरूले चलखेल गरिरहेका छन् । यसैले, यसको मूल्य बढ्ने र घट्ने गरिरहेको छ । दसैंपछि झन् घट्ने बताइन्छ ।

बजार दिनप्रति दिन आर्थिक मन्दीमा गएको छ । विडम्बना, राजनीतिक दलहरू एकअर्काको खुट्टा तान्न व्यस्त छन् भने सरकारमा बसेकाहरू कसरी सत्ता जोगाउने भनेर चिन्तित छन् । यहाँ देशको चिन्ता गर्ने कोही छैन । किनकि जनता पनि दलकै कार्यकर्ता त हुन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंले दसैंपछि बृहत् आन्दोलन गर्ने घोषणा गरिसकेका छन् ।

यतिमात्र नभई सहकारीपीडित, मिटरब्याज पीडित, लघुवित्त पीडितहरू पनि दसैंसम्म कुर्न र त्यसपछि आन्दोलनको आँधीबेहेरी ल्याउने बताउँछन् । बाढीपहिरोका कारण धेरै क्षति भइसकेको छ । खोला, नदी आसपास बनेका कयौं संरचना भत्किएका छन् । बगाइएका छन् । यतिमात्र नभई कतिपय मानिसको ज्यानैसमेत गएको छ । खोला, नदी भनेको प्रकृति हो र प्रकृतिलाई कसैले रोक्न सक्दैन । अहिले गरेको लोभका कारण भोलि ज्यानै गुमाउनुपर्ने अवस्था आउनसक्छ । यसैले, अब जनता आफैं खोला, नदी वरपरका घर तथा संरचना हटाउन जुट्नुपर्छ । अब हाम्रोमा राजनीतिक दलका नेताहरूको पालो आएको छ । अझै पनि यीनीहरू नसुध्रिने हो भने श्रीलंका र बंगलादेशको राष्ट्रपति, प्रधानमन्त्रीभन्दा पनि नराम्रो हालत हुने छ । त्यसैले, नेताहरू बेलैमा सचेत बनून् ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**मुस्ताङको चराङ गाउँ** | मुस्ताङको लोघेकर दामोदरकुण्ड-१ मा पर्ने चराङ गाउँ । लोघेकर दामोदरकुण्ड गाउँपालिकाको केन्द्रसमेत रहेको चराङमा ऐतिहासिक दरबार, गुम्बालगायत पर्यटकीय आकर्षण रहेको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# चौधर नदीको कटानीले बेदकोटको एक बस्ती जोखिममा

**कञ्चनपुर–** बेदकोट नगरपालिका-४ बैतोडामा चौधर नदीले कटानी गर्न थालेपछि बस्ती नै जोखिममा पर्न थालेको छ । बिहीबारदेखिको निरन्तर वर्षासँगै नदीमा आएको बाढीले दुई दर्जनभन्दा बढी परिवारको झण्डै तीन बिघा जग्गा कटानी गरी बगरमा परिणत गरेको छ । टोलकै ज्ञानज्योति बालविकास केन्द्रको जग्गासमेत कटानी गरेको छ ।

नदी तटीय क्षेत्रमा बसोबास गर्ने धनगिरी ओडले सात कठ्ठा जग्गामा लगाइएको धानबालीसहित खेत बगाएको बताए । 'थोरै जग्गा थियो, त्यै जग्गा पनि नदीले बगाएको छ, घरसमेत उच्च जोखिममा परेको छ,' उनले भने । बाढीबाट जोगिन आफन्तको शरणमा जानुपर्ने अवस्था सिर्जना भएको ओडले बताए ।

यस टोलमा अधिकांश आर्थिकरूपमा विपन्न दलित समुदायका परिवारको बसोबास रहेको छ । तटबन्धको प्रबन्ध नहुँदा प्रत्येक वर्ष बाढीले यसरी नै जग्गा कटानी गर्दै आएको छ । यसै वर्षायाममा एक दर्जन बढी परिवारको जग्गा कटान भइसकेको समाजसेवी राजुराम सार्कीले बताए ।

'तटबन्ध निर्माणका लागि पटक-पटक नगरपालिका कार्यालयलाई गुहार्दै आएका छौं, अहिलेसम्म सुनवाइ हुन सकेको छैन,' उनले भने । सार्कीकाअनुसार धेरै परिवारको जग्गा बगेको र बचेको जग्गा पनि बगरमा परिणत भएको छ । अब चाँडै तटबन्ध निर्माण नभए पूरै गाउँका बासिन्दाले विस्थापन हुनुपर्ने अवस्था रहेको उनी बताउँछन् ।

यसैगरी, कृष्णपुर नगरपालिका-२ बंकस्थित वादी समुदायको बस्ती रहेको प्रगति टोलमा वनहरा नदीले कटानी गरिरहेको छ । वनहरा विपद् व्यवस्थापन समितिका अध्यक्ष पदम रानाले नदीले धार परिवर्तन गरी बादी बस्तीतर्फ सोझिएर कटानी गर्न थालेको बताए । '२०० मिटर बाटो बगाई नदीले बस्तीको जग्गा कटानी गरिरहेको छ । रोकथामका लागि तत्काल केही उपाय नहुने हो भने धेरै समस्या निम्तिने देखिन्छ । त्यसैले सम्बन्धित निकायलाई तटबन्ध निर्माणका लागि आग्रह गर्दछौं,' उनले भने ।

वडाअध्यक्ष खअर्जुन साउदले बस्ती जोगाउन तटबन्ध निर्माणका लागि नगरपालिका, प्रदेश र संघीय सरकारको ध्यानाकर्षण गराइने बताए । उनले भने, 'तटबन्ध निर्माण गर्न वडाको बजेटले धान्दैन, अन्य निकायलाई गुहार्नुको विकल्प छैन ।' *रासस*

# संखुवासभामा स्क्रब टाइफस परीक्षण गर्ने किट अभाव

**खुवासभा (प्रस)–** जिल्ला अस्पताल संखुवासभामा स्क्रब टाइफसको परीक्षण गर्ने किटको अभाव भएको छ । अस्पतालमा एक सातादेखि स्क्रब टाइफस परीक्षण गर्ने किटको अभाव भएपछि बिरामी उपचारबाट वञ्चित भएका छन् । जिल्ला अस्पतालमा यही भदौ २१ गतेदेखि स्क्रब टाइफसको परीक्षण गर्ने किट सकिएको अस्पतालका सूचना अधिकारी शेखर खत्रीले जानकारी दिए । उनका अनुसार जिल्लामा गत वैशाखयता स्क्रब टाइफसका ३३२ र डेंगी संक्रमित १०१ बिरामी भेटिएका छन् ।



अस्पतालमा किट नहुँदा उपचारका लागि आउने बिरामीले स्क्रब टाइफसको परीक्षण गर्न महँगो मूल्य तिरेर निजी अस्पताल र क्लिनिक जानुपर्ने बाध्यता भएको खत्रीले बताए । जिल्ला अस्पतालमा निःशुल्क परीक्षण हुने स्क्रब टाइफसको निजी अस्पताल र क्लिनिकमा एक हजारदेखि एक हजार २०० रूपैयाँसम्म तिर्नुपर्ने बाध्यता छ ।

स्क्रब टाइफस परीक्षण गर्ने किट उपलब्ध गराउन कोशी प्रदेशस्थित स्वास्थ्य मन्त्रालयमा माग गरिएको बताउँदै सूचना अधिकारी खत्रीले हालसम्म किट नआएकाले बिरामीलाई निजी अस्पताल पठाउने गरिएको बताए । अस्पतालले पटकपटक आग्रह गर्दा पनि स्वास्थ्य मन्त्रालयबाट किट पठाउने विषयमा हालसम्म कुनै सुनुवाइ नभएको अस्पताल प्रशासनले जनाएको छ ।

'एक प्रकारको संक्रमित किर्नाले टोकेमा यो रोग लाग्छ । यो रोग लागेमा टाउको दुख्ने, उच्च ज्वरो आउने, गर्दन र घाँटी वरिपरि मसिना तथा बिमिरा आउने, ग्रन्थी सुनिनेलगायत लक्षण देखिन्छ,' सूचना अधिकारी खत्रीले भने । अस्पतालमा दैनिक स्क्रब टाइफस र डेंगी संक्रमित बिरामी बढ्दै गएकाले शयचाको समेत अभाव हुन थालेको उनले जानकारी दिए ।

वि.सं. २०३३ मा निर्माण भएको अस्पतालमा अहिले ५० शयचा छन् । जिल्लाका १० स्थानीय तहका साथै छिमेकी जिल्ला भोजपुरका आधाभन्दा बढी भागका सेवाग्राही उपचारका लागि यहाँ आउने गरेका छन् ।

# वर्षाले बाटो भत्किँदा विद्यालय बन्द

**हुम्ला (प्रस)–** हुम्लाको सिमकोट गाउँपालिका-८ साँता गाउँमा रहेको बलभद्र निम्न माध्यामिक विद्यालय दुई दिनदेखि बन्द भएको छ । जिल्लामा निरन्तर वर्षा भएर विद्यालय जाने साँता गाउँ नजिकको बाटो पहिरो आएर भत्किँदा विद्यार्थी उपस्थित नहुँदा विद्यालय बन्द भएको हो । बाटो भत्किँदा सिमकोट-८ यांगु गाउँका विद्यार्थी दुई दिनदेखि विद्यालय जान नपाएका हुन् । भारी वर्षा भएर बिहीबार र बुधबार दुई दिन यहाँका विद्यार्थी विद्यालय जान नपाएको बलभद्र निमाविका शिक्षक पेमाथुकेत तामाङले बताए । यांगुबाट विद्यालय जानेबीच क्षेत्रको बाटो भत्किएको हो ।

विद्यालयमा विद्यार्थी उपस्थित नभएपछि उनीहरूको पठनपाठन प्रभावित हुनुका साथै विद्यालय बन्द भएको हो । आवतजावत गर्न नमिल्ने भएपछि विद्यार्थी विद्यालयमा उपस्थित नभएपछि बन्द गरिएको हो । पढ्न आउने विद्यार्थी बाटो अवरुद्ध हुँदा समस्यामा परेको स्थानीयले बताएका छन् । बाटो अवरुद्ध हुँदा विद्यार्थीलाई मात्रै नभएर दैनिक आवतजावत गर्ने यहाँका स्थानीयलाई समेत समस्या भएको छ ।विद्यालयको माथिपट्टिको भाग पनि जोखिमयुक्त हुँदा विद्यालय नै बन्द गर्नुपरेको उनले बताए । पानी परेको समय विद्यालय भत्किने डर हुने हुँदा पनि विद्यालय बन्द गर्नु पर्ने बाध्यता रहेको उनले बताए ।

# जनप्रतिनिधिको बैठक भत्ताले विद्यालयमा अक्षयकोष

**तनहुँ–** यहाँको ऋषिङ गाउँपालिकाका जनप्रतिनिधीले बैठक भत्ताबापत एक महिनाको रकम अक्षयकोष स्थापनामा खर्च गर्ने भएका छन् । गाउँपालिकाभित्रका ११ माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गर्न उनीहरूले बैठक भत्ताबापतको रकम खर्च गर्न लागेका हुन् । अक्षयकोषबाट प्राप्त ब्याजबाट बर्सेनि गरिब, जेहेन्दार, विपन्न र अशक्त विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्य रहेको गाउँपालिकाले जनाएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि उक्त प्रक्रिया अघि बढाइसकिएको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिए । उनका अनुसार गाउँपालिकामा कूल ४४ जनप्रतिनिधि छन् । जनप्रतिनिधिले एक महिनामा प्राप्त गर्ने सेवासुविधा सहयोग गर्दा अक्षयकोषमा आठ लाख रूपैयाँ संकलन हुने प्रवक्ता दरैले बताए । जनप्रतिनिधिको बाँकी तीन वर्षे कार्यकालसम्म यसलाई निरन्तरता दिनेगरी योजना अघि बढाइएको हो ।

गाउँपालिकाको १६औं अधिवेशनमा प्रस्तावित नीति तथा कार्यक्रमबाट उक्त प्रस्ताव पारित गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत चिनबहादुर रानाभाटले जानकारी दिए । उनका अनुसार जनप्रतिनिधिले पाउने वर्षको एक महिनाको सेवासुविधाबापतको रकम तीन वर्षसम्म निरन्तरता दिँदा २४ लाख रूपैयाँबराबरको अक्षयकोष स्थापना हुने छ । विद्यालयमा अक्षयकोष स्थापना गर्न कार्यविधि बनाइसकिएको गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिए । उनका अनुसार साउन महिनाबाट लागू हुनेगरी प्रक्रिया अघि बढेको छ । *रासस*

# अव्यवस्थित सालिकले ट्राफिक व्यवस्थापनमा सकस

**गण्डकी–** पोखराका मुख्य चोक र सडकमा रहेका अव्यवस्थित सालिकका कारण ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै आएको छ । सडक सुरक्षासँगै बढ्दो जनघनत्व, सवारी चाप र सहरी सौन्दर्यलाई दृष्टिगत गरी एक वर्षअघि सालिक व्यवस्थापन तथा स्थानान्तरण गर्ने निर्णय गरेकामा कार्यान्वयन नहुँदा ट्राफिक व्यवस्थापन सकसपूर्व बन्दै आएको हो ।

पोखरामा पर्यटकको आगमन बढ्नुका साथै बढ्दो जनघनत्व र सवारी चापका कारण ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएकाले मुख्य सडक र चोकमा रहेका सालिक अन्यत्र स्थानान्तरण गर्नुपर्ने निर्णय भएको थियो । वि.सं. २०८० साउनमा पोखरा महानगरपालिकाको अगुवाइमा बसेको सर्वदलीय/सर्वपक्षीय बैठकले व्यस्त सडकमा भएका सालिक पोखरा-१८ जामुनबोटस्थित सहिद तथा विभूति उद्यानमा सार्ने निर्णय गरेको थियो ।

पोखरा-१ का वडाध्यक्ष सहारा प्रधानले महानगरमा क्रियाशील राजनीतिक दल, सरकारी निकाय तथा सरोकार भएका संघ संस्थासँगको समन्वयमा एक महिनाभित्र सालिक व्यवस्थापन गर्ने भनिएकामा एक वर्षसम्म पनि उक्त निर्णय कार्यान्वयन हुन नसकेको बताए । 'महानगरभित्रका सबै चोक र सडकमा रहेका सालिक जामुनबोटको सहिद उद्यानमा स्थानान्तरण गर्ने निर्णय भएकामा अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन,' उनले भने, 'सालिक सार्ने विषयमा पछिल्लो समय महानगर कार्यपालिकाको बैठकमा छलफल पनि भएको छैन ।'

वडा नं १ हरिचोकमा सहिद हरिप्रसाद गुरुङको सालिक छ । वडाध्यक्ष गुरुङले सालिक व्यवस्थापन र स्थानान्तरण गर्ने कार्यमा सर्वदलीय र सर्वपक्षीय सहमति आवश्यक पर्ने भन्दै यसले ट्राफिक व्यवस्थापनमा सहजता ल्याउने विश्वास व्यक्त गरे ।

जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख भानु शर्माले दीर्घकालीनरूपमा सालिकको व्यवस्थापन गर्नुपर्ने बताए । 'सालिक राखिएका स्थानमा ती संरचना नहुँदा सडक फराकिलो हुन्छ, व्यस्त चोकमा सालिकको ठाउँमा ट्राफिक आइल्याण्ड राख्न सकियो भने सवारी व्यवस्थापनमा पनि सहजता थपिन्छ,' उनले भने, 'सालिक भएकाले कतिपय स्थानमा ट्राफिक व्यवस्थापन गर्न कठिनाइ भइरहेकाले यसको दीर्घकालीन समाधान गर्न महानगरले योजना बनाउनुपर्छ ।'

अधिकांश सालिक राजमार्गका मुख्य चोकमा अवस्थित रहेका बताउँदै बढ्दो सवारी चाप र पार्किङ अभावका कारण पछिल्लो समय पोखराको ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको प्रमुख शर्माले उल्लेख गरे । 'कतिपय ऐतिहासिक व्यक्तित्वका सालिक रहेका ठाउँमा उनीहरूका जयन्ती वा अन्य कार्यक्रममा मानिसको घुइँचो हुँदा ट्राफिक व्यवस्थापनमा समस्या हुनाका साथै दुर्घटनाको जोखिम पनि बढ्छ,' उनले भने ।

छ वर्षअघि सडकका सालिक हटाउन खोज्दा विभिन्न संघसंस्था र समूहबाट विरोध भएपछि महानगरले जामुनबोटमा महानगरभित्रका सबै सालिक व्यवस्थापन गर्नेगरी सहिद तथा विभूति उद्यान निर्माण गरेको थियो । उक्त उद्यानमा पृथ्वीनारायण शाह, रवीन्द्र अधिकारी, भीमसेन दाहाल, योगेन्द्र शेरचनलगायतका सालिक राखिएका छन् । पोखराको व्यस्त पृथ्वीचोक, अमरसिंहचोक, विरौटाचोक, हरिचोकलगायत ठाउँमा अहिले पनि राष्ट्रिय विभूतिदेखि साहित्यकारसम्मका सालिक छन् । कतिपय सालिक संरक्षण र रेखदेखको अभावमा जीर्ण बन्दै गएका छन् ।

पोखरा-मुग्लिन सडक चार लेनमा विस्तार भइरहेकाले सालिक केही ठाउँका सालिक तत्कालन व्यवस्थापन गर्नुपर्ने छ । पोखरा-१० अमरसिंहचोकमा रहेको राष्ट्रिय विभूति अमरसिंह थापा र वडा नं १६ अर्घौचोकमा रहेको साहित्यकार लेखनाथ पौडेलको सालिक सोही सडकखण्डमा पर्दछ । वडा नं ९ पृथ्वीचोकमा अहिले सहिद लखन थापाको सालिक छ । दोस्रो जनआन्दोलनका बेला पृथ्वीनारायण शाहको सालिक तोडफोड भएपछि उक्त स्थानमा लखन थापाको सालिक राखिएको थियो । *रासस*


**Harinas Rural Municipality**
**Office of Municipal Executive**
Chitrebhanjyang, Syangja

**Invitation for Bids**

**First Date of Publication:2081/05/30(15th Sept)**

1. The Harinas Rural Municipality invites Electronic Bids from eligible Bidders for The Construction and Upgrading of Dagdi Kulung khola - Dovan Badahar bhanjyang - Kihun Rural Road Part - 4 in Harinas ward - 07.

| Contract Id. No: | Description of Project | Estimated Amount (NRs.) (Exclusive of VAT and Contingencies) | Bid Security amount (NRs.) | Bid Document Fee |
|---|---|---|---|---|
| HRM/NCB/W/R/01/081/082 | The Construction and Upgrading of Dagdi Kulung khola - Dovan Badahar bhanjyang - Kihun Rural Road Part-4 | NRs 10,355,813.59 /- | NRs 292500/- (with validity 120 days) | NRs 3000/- |

2. Bidder shall have the option of submitting their bids electronic only.
3. Matter not covered in this notice shall be accordance with prevailing rules and regulation of GON.
4. Complete set of Bidding documents and required information can be obtained at Official website of PPMO e-Gp System i.e www.bolpatra.gov.np/egp
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

*Chief Administrative Officer*



**Kaligandaki Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Birgha, Syangja**

**Invitation for Online Bids**

**First Date of publication: 15th September 2024 (30th Bhadra 2081)**

1. Kaligandaki Rural Municipality, Syangja invites **electronic bids** from eligible bidders for following works:

| S.N | Contract No. | Name of contract | Bid Security Amount (validity period) | Estimated cost (without VAT and continegencies) | Bid document fee | Bid submission Date and time |
|---|---|---|---|---|---|---|
| 1 | KLGD/W/NCB/PBA/03/081/82 | Construction of Park and Building in Aalamdevi Mandir | 2,60,000 (120days) | 91,56,987.05 | 3000 | Last Submission: 2024-10-15 12:00hrs<br>Bid Opening : 2024-10-15 13:00Hrs |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit PPMO website www.bolpatra.gov.np/egp

प्रभाव दैनिक

आइतबार, ३० भदौ २०८१ (Sunday, September 15, 2024)

रूपशाला



## आँचलले छाडिन् 'पीताम्बर'

अभिनेत्री आँचल शर्मा फिल्म 'पीताम्बर'बाट अलग भएकी छन् । फिल्मको छायांकन सेड्युल जुधेको कारण आफूले अभिनय गर्न नभ्याउने भन्दै उनले फिल्म छोडेकी हुन् । आँचल अहिले फिल्म 'दु:खी आत्मा'को छायांकनमा छिन् । फिल्म 'पीताम्बर' अहिले छायांकनमा छ । एकै समय दुई फिल्मको छायांकन सम्भव नभएकोले 'पीताम्बर'बाट आफू अलग भएको आँचलले बताइन् । 'पहिले फिल्मको छायांकन एकै समय हुने कुरो थिएन । त्यसैले जोडिएको थिए', आँचलले भनिन् 'कुनै पनि युनिटलाई अप्ठ्यारो नहोस् भनेर 'पीताम्बर' छोडेकी हुँ ।'

# राष्ट्रपतिबाट स्रष्टालाई सम्मान




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले सुदूरपश्चिम र कर्णालीको भाषा एवं साहित्य क्षेत्रमा योगदान पुऱ्याउँदै आएका दश जना स्रष्टालाई सम्मान गरेका छन् । सांस्कृतिक समाज नेपालद्वारा आयोजित स्रष्टा अभिनन्दन तथा देउडा सांस्कृतिक साँझ कार्यक्रमको उद्घाटनपछि राष्ट्रपति पौडेलले सुदुरपश्चिम तथा कर्णालीको भाषा, साहित्य, संस्कृति, खेल तथा पत्रकारितामार्फत् योगदान पुऱ्याउने यक्तित्वहरूलाई सम्मान गरे ।

राष्ट्रपति पौडेलले साहित्यकार राजेन्द्रसिंह रावल, अभिनेता विराज भट्ट, खेलाडी दीपक विष्ट, देउडा गायक नेत्रराज शाही, निर्देशक भीमबहादुर थापा, गायिका टीका पुन, गायक लालबहादुर धामी, पत्रकार वसन्तप्रताप सिंह, गायक सुरेश शाही तथा लोकेन्द्रबहादुर साउदलाई सम्मान गरेका थिए ।

राष्ट्रपति पौडेलले समाजद्वारा प्रस्तुत सांस्कृतिक कार्यक्रम पनि अवलोकन गरे । कार्यक्रममा गृहमन्त्री रमेश लेखक र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी पनि सहभागी थिए । कार्यक्रममा समाजका अध्यक्ष रामप्रसाद अवस्थीले गत वर्षदेखि सुरु गरिएको स्रष्टा सम्मान तथा देउडा महोत्सवलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाए ।

# लन्डनमा 'जोगिन्दर' र 'मुलासाग'को गाईजात्रा

■ प्रभाव संवाददाता

**काठमाडौं–** हास्य कलाकार सुरेन्द्र केसी 'मुलासाग' र शिवशङ्कर रिजाल जोगिन्दरले 'लन्डन'मा गाईजात्रा देखाएका छन् । युरोपका करिब आधादर्जन देशमा 'गाईजात्रे कमेडी' प्रस्तुत गर्न लन्डन पुगेका यी कलाकारले युरोपको प्रस्तुति लन्डनबाट थालेका हुन् ।

साउथ इष्ट लन्डनको वुल्लिचमाको ट्रामसेड थिएटरमा आयोजित उनीहरूको 'गाईजात्रे कमेडी' दर्शकले भरपुर मनोरञ्जन लिएका थिए । कमेडीमा कलाकार सुरेन्द्र केसीले मुलासाँग र शिवशंगर रिजालले 'जोगिन्दर पानवाला'को गेटअपमा प्रस्तुति दिएका थिए । उनीहरूको प्रस्तुति समसामयिक राजनीति, भ्रष्टाचार देखि विभिन्न समसामयिक विषयमा केन्द्रित रहेको थियो ।

कार्यक्रममा गायक तथा संगीतकार वसन्त सापकोटाको सांगीतिक प्रस्तुति, कलाकार अस्मिता राना र अमृता पाण्डेको आकर्षक नृत्य पस्किएका थिए । उक्त अवसरमा बेलायतमै रहेका कलाकार दीपक थापा, आर्जी खरेल र सञ्जय खड्का, सुरज श्रेष्ठ, सन्तोष बिके, नृत्य कलाकार इसानी बराइलीको पनि प्रस्तुति रहेको थियो । बेलायतमै बस्दै आएका कलाकार त्रय सनमकुमार वैराग, मनिषकुमार श्रेष्ठ र विनोद चिपालुले कार्यक्रमको आयोजना गरेका थिए । 'गाईजात्रे कमेडी' अब इङ्ल्याण्ड, आयरल्याड, स्कटल्याण्ड लगायतका देशमा आयोजना हुनेछ । त्यसपछि स्वदेश फर्किने कलाकार शिवशङ्कर रिजाल जोगिन्दरले बताए ।

# स्पाइनी ब्याब्लर अन्तर्राष्ट्रिय अवार्ड सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** तेस्रो 'स्पाइनी ब्याब्लर इन्टरनेशनल फिल्म फेष्टिभल २०२४'मा २२ विद्यामा अवार्ड वितरण गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रमबिच चलचित्र कलाकार सङ्घका अध्यक्ष मोहन निरौला, वरिष्ठ सञ्चारकर्मी शान्तिप्रिय, नेपालको पहिलो महिला चलचित्र निर्देशक सुचित्रा श्रेष्ठलगायतले विजेतालाई अवार्ड दिएका थिए । राष्ट्रिय ११ र अन्तर र्ष्ट्रिय ११ वटा गरी २२ विधामा अवार्ड वितरण गरिएको हो ।

राष्ट्रिय तर्फ निर्देशक लक्ष्मण सुबेदीले फिल्म सतीदेवीबाट सर्वोत्कृष्ट चलचित्रको अवार्ड प्राप्त गर्दा यसै फिल्मबाट अभिनेत्री मल्लिका महत उत्कृष्ट अभिनेत्री घोषित भइन् । उक्त अवसरमा निर्देशक लक्ष्मण सुनार, संगीतकार सन्तोष श्रेष्ठ, निर्माता नरेश खाती, निर्देशक पूर्णकाजी ज्यापु, अभिनेता प्रभण भुसाल, निर्देशक दिनेश कार्की लगायतले अवार्ड प्राप्त गरे । फिल्म 'रेड' (नेपाली) लेट्स हाईड ईट ईन हिएर (साउथ अफ्रिका) रोमाद (ओमान) रनफर युआर लाईफ (डेनमार्क), द जब (अमेरिका),ला डेर डेस डेर (फ्रान्स), अ टाउन वालेड १९९५ (आएरल्याण्ड) ड्रिम्स अफ द पास्ट (रसिया) जिगोलो (अष्ट्रिया), ईष्टेल (स्पेन), अक्रोश द हिमालय (स्वीडेन)ले बिभिन्न विद्यामा अवार्ड लिए ।

सुवेदी तथा विदेशका फिल्मलाई एक आपसमा प्रतिस्पर्धा गरिइएको महोत्सवमा नेपालका अलवा भारत, दक्षिण अफ्रिका, अस्ट्रिया, फ्रान्स, संयुक्त राज्य अमेरिका, श्रीलङ्का, अफगानिस्तान, डेनमार्क, हङ्कङ, आयरल्याण्ड, मोरक्को, ओमान, पाकिस्तान, रसिया, स्पेन, स्वीडन लगायत १७ देशका ९५ फिल्म सहभागी रहेको कार्यक्रमका निर्देशक कमला जोशीले जानकारी दिइन् ।

एरा प्रोडक्सन प्रालिको व्यवस्थापन रहेको कार्यक्रममा गायक रुद्र शेखर शर्मा, पत्रकार अशेष अधिकारी, संगीतकार दीपक शर्मा, पत्रकार विष्णु सुवेदी, गीतकार गोविन्द भट्ट, छायाँकार राजन खरेल र सन्दीप कुमार भुजेल सम्मानित भएका थिए ।

निर्देशक माधव राज खरेल, अभिनेता केदार प्रसाद घिमिरे, (नेपाल) चलचित्रकर्मीहरू अमोल भगत (भारत), शहादत रसोल (बंगलादेश), म्याग्डोलिना कोभ्पास (बेलायत) र सन्तोष सुवेदी (नेपाल)का अन्तर्राष्ट्रिय विद्यामा निर्णायक थिए भने राष्ट्रिय तर्फका छायाँकार रविन आचार्य, निर्देशक जीवन थापा, गायिका सरिता भारती, प्राध्यापक यादव गिरी, कलाकार-निर्माता ज्याक श्रेष्ठ, ड्रेस डिजाईनर दिल माया मगर, निर्णायक रहेका थिए । कार्यक्रममा अभिनेता गजित विष्ट, चलचित्र पत्रकार सङ्घका उपाध्यक्ष कुवेर गिरी, गीतकार सुमन बैरागी, डब्बु क्षेत्री, सविता पोखेल, प्रकाश भट्ट, गायक अमृत खाती, तुलशी गिरी भावुक, संगीतकार राजेन्द्र बजगाई लगायत थुप्रैको उपस्थिति रहेको थियो ।

रंगशाला

# मार्की खेलाडीको पारिश्रमिक २० लाख दसैंअघि नै खेलाडी अक्सन हुने




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गर्ने नेपाल प्रिमियर लिग (एनपिएल) का मार्की खेलाडीले २० लाख पारिश्रमिक पाउने भएका छन् ।

आगामी मंसिर १५ देखि पुष ६ गतेसम्म आयोजना हुने एनपीएलका आठ मार्की खेलाडीले हरेकले २० लाख पारिश्रमिक पाउने क्यानका सचिव पारस खड्काले जानकारी दिएका छन् । साथै पारिश्रमिक बाहेक मार्की खेलाडीलाई फ्रेन्चाईजीले बोनस तथा अन्य थप रकम दिन सक्ने बताए ।

सचिव खड्काका अनुसार एनपीएलको नेपाली खेलाडीको अक्सन दशैं अगाडी नै हुने भएको छ । उनले विदेशी खेलाडीहरूसँग अहिले समन्वय भएको र फ्रेन्चाईजीहरूलाई विदेशी खेलाडी भित्र्याउने स्वतन्त्रता दिइएको बताए ।

क्यानले एक कार्यक्रमका बीच आठ मार्की खेलाडीको लक्की ड्रबाट फ्रेन्चाईजी छनौट गरेको छ । जस अनुसार मार्की खेलाडी करण केसी काठमाडौं फ्रेन्चाईजीबाट खेल्ने भएका छन् । त्यस्तै मार्की खेलाडी कुशल पोखरा फ्रेन्चाईजीबाट खेल्ने भएका छन् । त्यसैगरी मार्की खेलाडी कुशल मल्ल चितवनबाट खेल्ने भएका छन् भने मार्की खेलाडी सन्दीप लामिछाने विराटनगर फ्रेन्चाईजीबाट खेल्ने भएका छन् ।

त्यस्तै मार्की खेलाडी रोहित पौडेल लुम्बिनीबाट खेल्ने भएका छन् भने मार्की खेलाडी आसिफ सेख जनकपुर टिमबाट खेल्ने भएका छन् । त्यस्तै मार्की खेलाडी सोमपाल कामी कर्णालीबाट र मार्की खेलाडी दिपेन्द्र सिंह ऐरी सुदूरपश्चिम फ्रेन्चाईजीबाट खेल्ने भएका छन् । मार्की खेलाडी तीन बर्षका लागि फ्रेन्चाईजीमा रहने तर हरेक सिजनको अन्त्यपछि रिलिज गर्न चाहेमा रिलिज गर्न सक्ने क्यानले बताएको छ ।

# १०औं राष्ट्रिय खेलकुद निर्धारित समयमै हुन्छ : खेलकुदमन्त्री चौधरी

■ प्रभाव संवाददाता



**काठमाडौं–** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले कर्णालीमा हुने १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता निर्धारित समयमै हुने बताएका छन् । प्रतियोगिता आगामी मंसिर २ देखि ९ सम्म कर्णालीको सुर्खेतमा आयोजना गर्ने प्रस्ताव गरिएको छ । प्रतियोगिताका लागि सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-८ मा बन्दै गरेको रंगशाला निर्माणको काम अन्तिम चरणमा पुगेको पनि मन्त्री चौधरीले बताए । १० हजार दर्शक बस्ने क्षमताको रंगशाला रहेको बताइएको छ ।

'पहिलोपल्ट कर्णाली प्रदेशको आफ्नै लगानीमा सुर्खेतमा रंगशाला निर्माण हुँदैछ । कर्णाली प्रदेशका मुख्यमन्त्री, खेलकुद मन्त्री सबैको जोशजाँगर छ । संघीय सरकारले ६० करोड रूपैयाँ बजेट छुट्याएको छ। खेलकुदको गतिविधि अब व्यापक रूपमा सुरुआत हुन्छ,' उनले भने ।

रंगशालाको भौतिक पूर्वाधार विकासका विषयमा केही दिनअघि आफैंले सम्पर्क गरेर बुझेको बताउँदै उनले दशैं अगाडि भौतिक पूर्वाधार व्यवस्थापनको सबै काम सकिने बताए । खेललाई कसरी राम्रो र व्यवस्थित बनाउने सन्दर्भमा आफूहरू लागिरहेको उनको भनाइ छ । प्रतियोगिताको समापनमै ११औं राष्ट्रिय खेलकुलको घोषणा हुने उनले बताए । मन्त्री चौधरीका अनुसार ११औं राष्ट्रिय खेलकुद मधेश प्रदेशमा हुनेछ ।

१०औं राष्ट्रिय खेलकुद प्रतियोगितामा ३६ वटा खेल समावेश गरिएको उनले बताए । मन्त्री चौधरीका अनुसार २२ देखि २४ वटा खेल सुर्खेतमा हुनेछ । बाँकी खेल नेपालगञ्ज अथवा काठमाडौंमा हुने मन्त्री चौधरीले बताए ।

# अस्ट्रेलियामाथि इङ्ल्याण्ड विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** टी-२० सिरिजको दोस्रो खेलमा इङल्याण्डले अस्ट्रेलियालाई पराजति गरेको छ । गएराती सम्पन्न खेलमा इङल्याण्डले अस्ट्रेलियालाई ३ विकेटले पराजित गरेको हो ।

अस्ट्रेलियाले दिएको १९४ रनको लक्ष्य पछ्याएको इङल्याण्डले १९ ओभरमा ७ विकेट गुमाउदै लक्ष्य पुरा गरेको थियो ।

इङल्याण्डको जितमा लियम लिभिङस्टोनले सर्बाधिक ८७ रन बनाएका थिए भने जाकोब बेथेलले ४४ तथा फिल साल्टले ३९ रन बनाएका थिए । त्यस्तै अस्ट्रेलियाका बलर म्याथ्यु शर्टले सर्बाधिक ५ विकेट लिए भने सिन एबोटले २ विकेट लिएका थिए ।

यस अघि पहिला ब्याटिंग गरेको अस्ट्रेलियाले २० ओभरमा ६ विकेट गुमाउदै १९३ रन बनाएको थियो । अस्ट्रेलियाका लागि जेक फ्रासर म्याकग्रुकले सर्बाधिक ५० रन बनाए भने जोस इंगलिसले ४२, ट्राभिस हेडले ३१ तथा म्याथ्यु शर्टले २८ रन बनाएका थिए ।

त्यसैगरी इङल्याण्डका बलर लियम लिभिङस्टोन र ब्राइडन कार्सले २-२ विकेट लिएका थिए । यो जितपछि ३ खेलको सिरिज १-१ को बराबरीमा आएको छ र अब सिरिजको तेस्रो खेल आइतबार हुने छ ।

गाजामा पोलियो विरोधी अभियानको पहिलो चरण सम्पन्न

# पाँच लाख ६० हजार बालबालिकालाई खोप लगाइएको राष्ट्रसंघद्वारा जानकारी



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले गाजापट्टीका १० वर्षमुनिका पाँच लाख ६० हजारभन्दा बढी बालबालिकालाई पोलियोविरुद्धको खोप लगाएको जनाएको छ।

गाजाको उत्तर, मध्य र दक्षिणी क्षेत्रमा आपतकालीन खोप अभियानको पहिलो चरण बिहीबार समाप्त भएको मानवीय मामिला समन्वयका लागि राष्ट्रसंघीय कार्यालय (ओसिएचए) ले जानकारी दिएको छ।

ओसिएइचएका अनुसार उत्तरी गाजामा पहिलो चरणमा संयुक्त राष्ट्रसंघ तथा यसका साझेदारले एक लाख १२ हजारभन्दा बढी बालबालिकामा खोप लगाइएको छ। साझेदारहरूले करिब चार हप्तामा खोप अभियानको दोस्रो चरण सुरु गर्ने तयारी गरेको ओसिएइचएको कार्यालयले जनाएको छ।

मानवतावादीले डब्ल्युएचओको नयाँ विश्लेषणलाई उद्धृत गर्दै जुलाई २३ सम्म गाजामा घाइते भएका २२ हजार ५०० मानिसलाई गम्भीर चोटपटक लागेको अनुमान गरेका छन्, जसलाई आगामी वर्षमा पुनर्वास सेवाहरू आवश्यक पर्छ। ओसिएइचएले गाजामा स्वास्थ्य प्रणालीको विनासको बीचमा ३६ मध्ये केवल १७ अस्पतालमात्र आंशिकरूपमा सञ्चालनमा रहेको जनाएको छ। सीमित अस्पतालहरूमा पनि आक्रमण, असुरक्षा र बारम्बार निकासी आदेशको कारण प्राथमिक स्वास्थ्यलगायतका सेवासमेत पहुँचयोग्य छैनन्।

वेस्ट बैंकको तुलकामा र टुबासमा इजरायली सेनाले गरेको पछिल्लो अपरेसनबाट प्रभावित मानिसको आवश्यकता मूल्यांकन गर्न मानवीय साझेदारलाई परिचालन गरेको कार्यालयले जनाएको छ जहाँ एक दर्जन प्यालेस्टिनीले मृत्यु भएको थियो।

ओसिएइचएले प्यालेस्टिनी र इजरायली सेनाबीचको गोलीबारीले इजरायली अपरेसनको क्रममा बुधबार र बिहीबार सर्वसाधारणको घरहरू क्षतिग्रस्त हुँदा दर्जनौं परिवारहरू विस्थापित भएका जनाएको छ। वेस्ट बैंक क्षेत्रहरूमा घातक युद्ध र रणनीतिको प्रयोगले कानुनी मापदण्ड नाघेकाले यसबारे चिन्ता बढेको ओसिएइचएले जनाएको छ। *रासस/सिन्ह्वा*

# कश्मिरमा विधानसभा निर्वाचन नजिकिँदै गर्दा झडप बढ्दो

**नयाँदिल्ली–** विवादित हिमालय क्षेत्र जम्मु-कश्मिरमा एक दशकमा हुनलागेको विधानसभा निर्वाचनको केही दिनअघि कश्मिरमा भएको सन्दिग्ध आतंकवादीसँगको गोली हानाहानमा दुई भारतीय सैनिकको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएका छन्। भारत प्रशासित कश्मिरमा १० वर्षपछि हुनलागेको पहिलो विधानसभाको चुनाव नजिकिँदै गर्दा विद्रोही र सुरक्षा बलबीच झडप बढेको देखिएको छ।

'बहादुरको सर्वोच्च बलिदान'लाई श्रद्धाञ्जलि दिँदै शुक्रबार किश्तवाड जिल्लामा गोली हानाहान भएको भारतीय सेनाले सामाजिक सञ्जाल एक्समार्फत बताएको छ। सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै कश्मिर भारत र पाकिस्तानबीच विभाजित भएको हो र दुवै देशले यसलाई पूर्णरूपमा दाबी गर्दै आएका छन्। विद्रोहीहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै दशकौंदेखि भारतीय सेनासँग लडिरहेका छन्। ३५ वर्षदेखि द्वन्द्वको सामना गरिरहेको जम्मु-कश्मिर क्षेत्रमा करिब पाँच लाख भारतीय सेना तैनाथ गरिएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले यसको आंशिक स्वायत्तता रद्द गरेपछि सन् २०१९ देखि यो क्षेत्र निर्वाचित स्थानीय सरकारबिना रहेको छ। सेप्टेम्बर १८ बाट सुरु हुने निर्वाचनमा कूल ८.७ मिलियन मानिस यस क्षेत्रको विधानसभामा मतदान गर्न योग्य छन्, जसको परिणाम अक्टोबरमा हुने अपेक्षा गरिएको छ। *रासस/एएफपी*



उत्तरपश्चिम चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्र हामी सहरको नाओमाहु टाउनसिपमा रहेको ५० मेगावाटको पिघलाएको नुन सौर्य थर्मल पावर प्लान्टको ड्रोनबाट लिइएको दृश्य। *तस्बिरः सिन्ह्वा*

# अमेरिकी अन्तरिक्षयात्री विलियम्स र विल्मोर अन्तरिक्षबाट मतदान गर्न उत्साहित

**वासिङ्टन डिसी–** नासाका अमेरिकी अन्तरिक्षयात्री सुनीता विलियम्स र बुच विलमोरले अन्तरिक्षमा अझै सन् २०२५ को फेब्रुअरीसम्म बस्नुपर्ने भएपछि आसन्न अमेरिकी राष्ट्रपति चुनावमा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस)बाट मतदान गर्न उत्सुक रहेको बताएका छन्। अन्तरिक्ष यान स्टारलाइनर पृथ्वीमा फर्किएको एक हप्तापछि शुक्रबार आयोजित पत्रकार सम्मेलनमा विलियम्स र विल्मोरले आइएसएसबाट सहभागी भएको न्युयोर्क टाइम्सले जनाएको छ।



यो जोडी गत जुन ५ मा बोइङको स्टारलाइनर अन्तरिक्ष यानमा चढेर अन्तरिक्ष पुगेका थिए। यानमा हिलियम लिक र थ्रस्टरमा समस्या देखिएपछि दुई अन्तरिक्षयात्री निर्धारित समयमा पृथ्वीमा फर्किन नसकेका हुन्।

अन्तरिक्ष यान स्टारलाइनरलाई यसको चालक दलविना पृथ्वीमा फिर्ता गर्ने निर्णय गरियो र तीन महिनाभन्दा बढी अन्तरिक्षमा रहेपछि सेप्टेम्बर ६ मा सफलतापूर्वक पृथ्वीमा फर्काइयो। दुवै अन्तरिक्षयात्रीलाई स्पेसएक्स ड्र्यागन अन्तरिक्ष यानबाट आगामी वर्षको फेब्रुअरीमा पृथ्वीमा फर्काइने तय भएको छ। अन्तरिक्षयात्रीले मतदानमा नागरिकको महत्त्वपूर्ण भूमिका रहेको भन्दै मतपत्रका लागि अनुरोध गरेको बताएका छन्। 'मैले आज मतपत्रका लागि अनुरोध पठाएको छु। हामीले केही हप्तामा मतपत्र प्राप्त गर्ने छौं,' विल्मोरले भने, 'मतदानको अधिकार नागरिकको एक महत्त्वपूर्ण अधिकार हो, नासाले प्रदान गरेको यस अवसरका लागि हामी उत्साहित छौं।'

टेक्सास विधायिकाले नासाका कर्मचारीलाई अन्तरिक्षबाट मतदान गर्न अनुमति दिने विधेयक पारित गरेपछि अन्तरिक्षयात्रीहरूले सन् १९९७ देखि अन्तरिक्षबाट मतदान गर्दै आएको न्युयोर्क पोस्टले जनाएको छ।

त्यस वर्ष नासाका डेभिड वुल्फ अन्तरिक्षबाट मतदान गर्ने पहिलो अन्तरिक्षयात्री बने। सन् २०२० मा नासाकी अन्तरिक्षयात्री केट रुबिन्सले पनि अन्तरिक्षबाट आफ्नो नागरिक कर्तव्य पालना गरेका थिए। *रासस/एएनआई*

# रूससँगको सम्बन्ध प्रगाढ बनाउन उत्तर कोरिया प्रतिबद्ध



**सियोल–** उत्तर कोरियाली नेता किम जोङले रूस भ्रमणका क्रममा सुरक्षा प्रमुख सर्गेइ शोइगुसँग वार्ता गरेपछि रूससँगको सम्बन्ध प्रगाढ बनाउने प्रतिबद्धता जनाउनु भएको छ। पश्चिमी शक्तिहरूले भने युक्रेनी युद्धमा प्रतिबन्धको अवहेलना गर्दै उत्तर कोरियाले रूसलाई हतियार बेचेको आरोप लगाएका छन्।

राष्ट्रपति भ्लादिमिर पुटिनले गत जुनमा प्योङयाङको गर्दा किमसँग आपसी रक्षा सम्झौतामा हस्ताक्षर गरेका थिए भने उत्तर कोरियाले हालै रूससँगको सैन्य सम्बन्धलाई बलियो बनाएको छ। उत्तर कोरियाली सञ्चारमाध्यमका अनुसार पुटिन र किम जोङले 'मैत्रीपूर्ण र विश्वासनीय वातावरणमा 'रचनात्मक' वार्ता गरेका छन्।

द्विदेशीय रणनीतिक संवादलाई निरन्तर वृद्धि गर्दै आपसी सुरक्षा, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अवस्थाको रक्षा गर्न सहयोगलाई सुदृढ पार्ने विषयमा व्यापक विचार आदानप्रदान भएको उत्तर कोरियाको सरकारी मिडियाले जनाएको छ।

किमजोंले जुनमा हस्ताक्षर गरेको सन्धिका आधारमा उत्तर कोरियाको सरकारले रूससँग सहयोग र सहकार्यलाई थप विस्तार गर्ने पुष्टि गरे। यसैगरी रूसीको सुरक्षा परिषद्ले आफ्नो वेबसाइटमा किमसँगको शोइगुको भेटले रक्षा सम्झौताको 'कार्यान्वयनमा महत्त्वपूर्ण योगदान दिने' जनाएको छ। गत मे महिनामा रक्षामन्त्रीको पदबाट राजीनामा दिएपछि शोइगु रुसको सुरक्षा परिषद्को प्रमुख बनेका हुन्।

उत्तर कोरियाले शुक्रबार पहिलोपटक युरेनियम सुविधाका तस्बिरहरू सार्वजनिक गरेको छ भने किमले 'आत्मरक्षाका लागि आणविक हतियार द्रुतरूपमा अघि बढाउन सेन्ट्रिफ्युजको संख्या बढाउन आवश्यक रहेको बताएका छन्।

अमेरिका र दक्षिण कोरियालगायतका राष्ट्रले उत्तर कोरियालाई रूसको युद्धका लागि सैन्य सामग्री आपूर्ति गरेको आरोप लगाएका छन् भने यो दावीलाई प्योङयाङले अस्वीकार गरेको छ। यस हप्ता सार्वजनिक एक द्वन्द्व हतियार अनुसन्धान प्रतिवेदनले उत्तर कोरियामा यस वर्ष उत्पादित मिसाइलहरू युक्रेनमा प्रयोग भइरहेको देखाएको छ।

उत्तर कोरियाको सहयोगी रूस प्योङयाङसँग मैत्रीपूर्ण सम्बन्ध राख्ने राष्ट्रहरूमध्ये एक हो भने सन् २०२२ मा युक्रेन युद्ध सुरु भएदेखि पश्चिममासँग रूसीको सम्बन्ध बिग्रिएको छ। *रासस/एएफपी*

# गाजामा इजरायली आक्रमणबाट एकै परिवारका ११ जनाको मृत्यु



**गाजापट्टी–** गाजाको नागरिक सुरक्षा विभागले शनिबार बिहान गाजा सहरको एउटा घरमा भएको इजरायली हवाई आक्रमणमा महिला र बालबालिकासहित एकै परिवारका ११ जनाको मृत्यु भएको बताएको छ।

'पूर्वी गाजा सहरमा बुस्तान परिवारको घरमा भएको इजरायली आक्रमणबाट हामीले चार बालबालिका र तीन महिलासहित ११ जनाको शव फेला पारेका छौं,' विभागकाका प्रवक्ता महमुद बस्सलले बताए।

गाजा सहरको अल-तुफाहमा रहेको सुजैया विद्यालय नजिकै आक्रमण भएको उनले बताए। 'उद्धारकर्ताले बेपत्ता व्यक्तिहरूको खोजी जारी राखेका छन्,' बस्सलले भने।

इजरायली सेनाले आक्रमणबारे तत्काल कुनै टिप्पणी गरेको छैन। बस्सलले इजरायली सेनाले हमासद्वारा सञ्चालित क्षेत्रका केही अन्य भागमा रातारात यस्तै आक्रमण गर्दा कम्तीमा १० जनाको मृत्यु भएको बताएका छन्। उत्तरपश्चिमी गाजा सहरमा दार अल-अर्काम विद्यालय नजिकै मानिसको भीडमा हवाई आक्रमण हुँदा पाँच जनाको मृत्यु भएको उनले जानकारी दिएका छन्। त्यसैगरी, दशौं हजार विस्थापित प्यालेस्टिनीहरूले शरण लिएको दक्षिणी खान युनुस प्रान्तको अल-मवासी क्षेत्रमा भएको आक्रमणमा अन्य तीन जनाको मृत्यु भएको छ। *रासस/एएफपी*

# म्यानमाको जुन्टाद्वारा विनासकारी बाढीको सामना गर्न विदेशी सहायताको आह्वान



**यांगुन–** म्यानमाको जुन्टा प्रमुख मिन आङ ह्लाइङले शनिबार मानिसहरूलाई विस्थापित गरेको विनासकारी बाढीको सामना गर्न विदेशी सहायताका लागि दुर्लभ अनुरोध गरेका छन्।

म्यानमा, भियतनाम, लाओस र थाइल्यान्डमा विनासकारी चक्रवात 'यागी'सँगै आएको भारी वर्षाले निम्त्याएको बाढीपहिरोले करिब ३०० जनाको ज्यान लिएको छ। 'म्यानमामा दुई लाख ३५ हजारभन्दा बढी मानिसहरू बाढीको प्रभावबाट बच्न आफ्नो घर छोड्न बाध्य भएका छन्,' जुन्टाले शुक्रबार भन्यो। 'सरकारी अधिकारीले पीडितहरूलाई प्रदान गरिने उद्धार र राहत सहायता सामग्री प्राप्त गर्न विदेशी देशसँग सम्पर्क गर्न आवश्यक छ,' मिन आङ ह्लाइङले शुक्रबार भने, 'उद्धार, राहत र पुनःस्थापनाका कार्यहरू सकेसम्म चाँडो व्यवस्थापन गर्न आवश्यक छ।'

एक सैन्य प्रवक्ताले देशका केही क्षेत्रसँग सम्पर्क गुमाएको र मध्य मांडले क्षेत्रको सुन खानीमा गएको पहिरोमा दर्जनौं पुरिएको घटनाबारे अनुसन्धान भइरहेको बताए। म्यानमाको सेनाले पहिले विदेशबाट प्राप्त हुने मानवीय सहायतालाई अवरुद्ध गरेको थियो।

गत वर्ष यसले देशको पश्चिममा आएको शक्तिशाली चक्रवात 'मोचा'का करिब १० लाख पीडितहरूसम्म पुग्न खोज्ने सहायता समूहको यात्रा अनुमति निलम्बन गरेको थियो।

सन् २००८ मा म्यानमामा चक्रवात 'नरगिस'ले कम्तीमा एक लाख ३८ हजार मानिसको ज्यान लिएपछि तत्कालीन जुन्टामाथि आपत्कालीन सहायता अवरुद्ध गरेको र सुरुमा मानवीय कामदार र आपूर्तिको पहुँच दिन अस्वीकार गरेको आरोप लगाइएको थियो।

शनिबार सेनाद्वारा निर्मित राजधानी नेपिडो वरपरको बाढी प्रभावित क्षेत्रमा सैन्य ट्रकमार्फत साना उद्धार डुंगाहरू पुऱ्याइरहेका एएफपीका सञ्चारकर्मीले बताएका छन्। राजधानी वरपरको क्षेत्रमा बाढीले विनासकारी पहिरो निम्त्याएको र बिजुली टावर, भवन, सडक, पुल र घरहरू ध्वस्त भएको सरकारी सञ्चारमाध्यमले जनाएको छ। *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५६३०० | प्रति तोला – - | प्रति तोला – १८६० |



**रेल्वे ट्र्याक मर्मत** | जनकपुरधामको कपिलेश्वरस्थित रेल्वे क्रसिङमा रेल्वे ट्र्याक मर्मत गर्दै मजदुर ।

*तस्बिरः चन्द्रदेव साह/रासस*

# बजेट अभावले २८० खानेपानी आयोजना सुधार अधुरै

■ प्रगति ढकाल

**काठमाडौं–** समयमा निर्माण सम्पन्न हुन नसकी अधुरा रहेका र विविध कारणले सञ्चालनमा आउन नसकेका २८० वटा खानेपानी आयोजना सुधार बजेट अभावका कारण अगाडि बढ्न सकेका छैनन् । लामो समयदेखि निर्माण अधुरा रहेका खानेपानी आयोजनाका निर्माण पूरा गर्न र विविध कारणले सञ्चालनमा आउन नसकेका विभिन्न आयोजना सञ्चालनका लागि आवश्यक पर्ने तीन अर्ब रूपैयाँ लागत जुटाउन नसक्दा सुधार गर्न नसकिएका हुन् ।

यसअघि पनि खानेपानी मन्त्रालयले ती अपूरा आयोजनाहरू सुधार गर्न आवश्यक वित्तीय स्रोतका लागि अर्थ मन्त्रालयमा प्रस्ताव पेस गरेको थियो । तर, अर्थ मन्त्रालयले ती आयोजना सुधारका लागि वित्तीय स्रोत उपलब्ध गराउन नसक्ने प्रतिक्रिया दिएसँगै मन्त्रालयले वैदेशिक दातृ निकायसँग आग्रह गरेको थियो । दातृ निकायलेसमेत लागनीको चाहना नदेखाएपछि आवश्यक बजेट अभाव भएको हो ।

खानेपानी मन्त्रालयले एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित सहरी विकास खानेपानी आयोजनाबाट करिब चार अर्ब रकम बच्न सक्ने जानकारी दिएको छ । बचेको रकममध्येबाट केही रकम यी आयोजना सुधारमा खर्च गर्न मन्त्रालयले एडिबीलाई आग्रह गरेको थियो । सहरी विकास खानेपानी आयोजना सन् २०२५ अप्रिल महिनामा सकिने भएकाले आवश्यक प्रक्रिया अगाडि बढाउने समय नहुँदा अधुरा आयोजना सुधारमा लगानी गर्न नसकिने मन्त्रालयले जनाएको छ ।

खानेपानी मन्त्रालयका वरिष्ठ डिभिजनल इन्जिनियर मधु तिमिल्सिनाले तराई-मधेस खानेपानी सुधार आयोजनाका लागि आवश्यक बजेट अभावका कारण सुधार अधुरै रहेको र तराईवासी खानेपानीको समस्याबाट गुज्रिरहेको बताए । 'हामीले यी खानेपानी आयोजनाका लागि आवश्यक लागत जुटाउन धेरै पहल गरेका थियौं तर यी आयोजना सम्पन्न गर्न लगानीको अभावले गति लिन सकेन,' उनले भने, 'अहिलेचाहिँ प्राथमिकीकरणका आधारमा ती अधुरा आयोजना पूरा गर्न हामीले अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सहमति मागेका छौं, सहमति पाएमा आवश्यकताका आधारमा प्राथमिकीकरण गरेर काम अगाडि बढाउने तयारी गरिरहेका छौं ।'

उनले अधुरा तथा विभिन्न कारणले सञ्चालनमा आउन नसकेका खानेपानीका आयोजनाहरू सञ्चालनमा नआए तराईमा खानेपानीको अभाव बढ्दै जाने बताए । आवश्यक लागतका लागि अर्थ मन्त्रालयसँग गरिएको प्रस्ताव अस्वीकार भएपछि विभिन्न दातृ निकायसँग छलफल अगाडि बढाए पनि लागत नजुटेपछि ती आयोजना सम्पन्न गर्ने समयसीमा निश्चित नभएको उनको भनाइ छ ।

उनका अनुसार सुधार गर्न आवश्यक २८० खानेपानीका आयोजनामध्ये सबैभन्दा बढी आयोजना मधेस प्रदेशमा छन् । 'मधेस प्रदेशमा १७६ वटा खानेपानी आयोजना विविध कारणले सञ्चालनमा आउन सकिरहेका छैनन्, यसले गर्दा अहिले मधेस प्रदेशका बासिन्दा खानेपानीको माग गर्दै माइतीघर मण्डलमा धर्नामै हुनुहुन्छ,' तिमिल्सिनाले भने, 'यसैगरी लुम्बिनी प्रदेशमा ५१, कोशी प्रदेशमा ३६ र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा १९ खानेपानी आयोजना अपूरा तथा विभिन्न कारणले सञ्चालनमा आउन सकिरहेका छैनन् ।'

खानेपानी आयोजना निर्माणमा आवश्यक लागतमध्ये २० प्रतिशत जनश्रमबाट जुटाउने नीतिगत व्यवस्था छ तर कार्यान्वयनमा चुनौती थपिँदा आयोजना निर्माण अधुरै रहेको उनको भनाइ छ । उनका अनुसार कतिपय खानेपानी उपभोक्ताहरू खानेपानी महसुल भुक्तानी गर्न नचाहँदा नयाँ आयोजनाहरू सञ्चालन हुन सकेका छैनन् । तिमिल्सेनाले बर्सेनि खानेपानी मन्त्रालयको घट्दै जाँदा खानेपानी समस्या समाधान गर्नका लागि यथेष्ट कार्यक्रम राख्न नसकिएको जानकारी दिए । उनका अनुसार लगानी अभावका कारण तराईवासीले भोगिरहेको खानेपानी समस्या तत्काल समाधान गर्न सकिने अवस्था छैन । तिमिल्सिनाले अन्तरसरकारी निकाय, तीनवटै तहको सरकारबीचको समन्वयका आधारमा खानेपानीको समस्या समाधान कार्यक्रम तय गर्न सम्भव हुने बताए ।

आयोजनामा आवश्यक लागतमध्ये ८० प्रतिशत सरकारले बेहोर्ने र बाँकी २० प्रतिशत लागत जनश्रमबाट जुटाउनुपर्ने नीतिगत व्यवस्था छ तर खानेपानी मन्त्रालयका अनुसार जनश्रम नजुटेपछि केही आयोजना निर्माण सम्पन्न हुन सकिरहेका छैनन् । पछिल्लो समयमा वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या वृद्धि भएसँगै स्थानीय तहमा श्रम गर्ने जनशक्ति अभाव भएपछि जनश्रम जुटाउनै मुस्किल परेको मन्त्रालयको भनाइ छ ।

सरकारको चालु आर्थिक बर्षको नीति कार्यक्रम तथा बजेट वक्तव्यमा घोषणा भएबमोजिम मधेस प्रदेशका सबै जिल्लामा देखिएको खानेपानी समस्या दीर्घकालीन रूपमा समाधान गर्ने उद्देश्यले सुनकोशी-मरिन, सुनकोशी कमला तथा पश्चिमका जिल्लाहरूका लागि भेरी बबईबाट खानेपानी आपूर्ति गर्ने गरी थोक वितरण प्रणालीको अध्ययन आगामी आवबाट गरिने उल्लेख छ ।

सरकारको चालु आर्थिक वर्षमा तराई मधेसका बढी जनघनत्त्वलगायतका स्थानहरूमा डिप बोरिङमार्फत खानेपानीको व्यवस्थापन गर्ने कार्यक्रमहरू समावेश छन् । तराई-मधेसमा हाल देखिएको पानीको समस्याको दीर्घकालीन समाधान चुरे संरक्षण र ठूला थोक वितरण प्रणालीको निर्माण भएकाले मन्त्रालयले यस सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गरिरहेको मन्त्रालयको भनाइ छ ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका अध्यक्ष राजेन्द्र अर्यालले विभिन्न कारण अधुरा रहेका खानेपानीका आयोजना समयमा सम्पन्न गर्न नसक्दा उपभोक्ताले खानेपानी पिउनबाट वञ्चित हुनुपरेको बताए । उनले तीनवटै तहका सरकारबीच खानेपानी व्यवस्थापनका क्रममा समन्वय अभाव हुँदा कतिपय स्थानमा खानेपानीका योजनाहरू नपाउने त कतिपय स्थानहरूहरूमा 'डुप्लिकेसन' हुने समस्या आइरहेको जानकारी दिए । *रासस*

# त्रिशूली-१ जलविद्युत् आयोजना निर्माणस्थलमा आक्रमण

■ प्रभाव संवाददाता

## कर्मचारीलाई बन्धक बनाएर कार्यालयका भौतिक संरचना तोडफोड

**काठमाडौं–** निर्माणाधीन माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाको निर्माणस्थल कार्यालयमा तोडफोड भएको छ । शुक्रवार आयोजना कार्यालयका कर्मचारीहरूलाई बन्धक बनाएर आन्दोलनरत मजदुरहरू भौतिक आक्रमणमा उत्रिएका हुन् ।

आयोजनाको प्रवर्द्धक कम्पनी नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालि, आयोजनाको ईपीसी ठेकेदार दुसान ईनरबिलिटी र आयोजनाको सब कन्ट्रयाक्टर पावर चाइना कम्पनीका नेपाली तथा विदेशी कर्मचारीहरूलाई बन्धक बनाई तोडफोड भएको जनाइएको छ । आक्रमणबाट कार्यालयका केही सवारी साधनका साथै झ्याल तथा ढोकाका सिसाहरू फुटेका छन् ।

आन्दोलनरत मजदुरको ढुंगा प्रहारबाट चार जना प्रहरी पनि घाइते भएका छन् । घाइते सुरक्षाकर्मीको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ ।

निर्माणाधीन अवस्थामा रहेको कार्यालयमा तोडफोड भएपछि दातृ निकाय चिन्तित भएका छन् । करिब २३ अर्ब रूपैंया भित्रिएको हप्ता दिनमै विदेशी वित्तीय संस्थाबाट लगानी गरिएको यो आयोजनामा भएको घटनाले दातृ निकायको मनोबल नै खस्किएको बताइएको छ ।

हाल आयोजनाको सिभिल र मेकानिकल तथा इलेकट्रोनिक कार्यमा गरि करिब १ हजार जना बढी स्थानीय तथा बाह्य कामदारहरू आयोजनामा काम गरिरहेका छन् ।

आयोजनाले अहिलेसम्म श्रमिकहरूलाई यस आयोजनामा जस्तो सेवा सुविधा र हकहित अन्य आयोजनामा नभएको दाबी गरेको छ ।

आयोजनाका प्रतिनिधिहरूले मजदुरले भन्दा पनि विभिन्न लोभ लालच र फाइदा लुट्ने समूहले मजदुरहरूको मागको बहाना देखाई मजदुर आन्दोलनमा घुसपैठ गरि आक्रमण गरिएको दाबी गर्छन् । आन्दोलन चर्किएपछि प्रहरी प्रशासनले शुक्रबारदेखि नै प्रहरी परिचालन गरेको छ । हाल देशमा लगानी मैत्री वातावरण नरहेको र देशमा लगानी जुटाउन अति समस्या भइरहेको अवस्थामा वैदेशिक लगानीबाट निर्माणाधीन रहेको देशको ठुलो मध्येको आयोजनामा भएको आक्रमणले लगानीकर्ता चिन्तित बनेका हुन् । आयोजनामा भएको यस किसिमको आक्रमणले विदेशी लगानीकर्तामा नकारात्मक सन्देश जाने भएकाले सकेसम्म यस्ता प्रकारका गतिविधि गर्न नहुने पनि आयोजनाका प्रतिनिधिहरू नै बताउँछन् ।

# दसैंको आगमनसँगै बढ्यो मूर्तिकारको व्यस्तता

**राँझा–** दसैं आउन महिना दिन बाँकी छँदै नेपालगञ्ज उपमहानगरपालिका-८ निवासी मूर्तिकार छोटु केवटलाई दुर्गाभवानीका मूर्ति बनाउन भ्याइनभ्याइ छ । नगर भवन नजिकै अस्थायी टहरा निर्माण गरेर छोटुले मुर्ति बनाउने काम गर्दै आएका छन् । घटस्थापनाको दिनसम्म अर्डर पाएका सबै मुर्ति तयार गरिसक्नुपर्ने भएकाले यतिबेला दिनरात काम भइरहेको उनले बताए । 'चौध-पन्ध्र जति मुर्ति तयारी अवस्थामा छन्, रंगरोगन गर्नमात्रै बाँकी छ, अरु त्यत्ति तयारी हुँदैछ, अहिले कामले भ्याइनभ्याइ छ', छोटुले भने, 'आजभोली मुर्ति किन्न भारत जानु पर्दैन नेपालगञ्जमै ठाउँ-ठाउँमा बन्ने गरेका छन् ।'

उनका अनुसार सामान्य काठ, सुथरी, पराल र माटोको मिश्रणले मूर्ति बनाउने गरिन्छ । मुर्तिको सजावटका सामाग्री भने भारतीय बजारबाटै आयात गरिन्छ । दसैंको समयमा केही मूर्ति बनाउन अर्डर आउँछ भने केही आफै बनाएर बिक्री गर्ने गरिएको छ ।

दसैंको नवदुर्गामा नेपालगञ्जका टोल-टोलमा स्थापना गरिने दुर्गा भवानीका मुर्ति स्थानीय कालीगढले नेपालगञ्जमै निर्माण गरेर बिक्री वितरण गर्न थालेका छन् । कुनैबेला भारतीय सीमावर्ती क्षेत्रबाट खरिद गरेर ल्याइने मुर्ति अहिले यहीँका कालीगढले प्रशस्त बनाउने गरेका छन् । दुर्गाभवानीका आकर्षक मुर्ति नेपालगञ्जमै निर्माण हुन थालेपछि भारतीय सीमावर्ती बजार जानुपर्ने बाध्यता हटेको छोटुले बताए ।



नेपालगञ्जमै तीन चार ठाउँमा व्यावसायिक रूपमा माटोबाट भगवानको मूर्ति बनाएर बिक्री वितरण हुने गरेको छ । यसबाहेक जानकी गाउँपालिकामा पनि मूर्ति बनाउने गरिएको छ । दसैं नजिकिँदै जाँदा मूर्तिकारको दैनिकी व्यस्त भएको छ । अहिले माटोको मूर्ति बनाउन भ्याइनभ्याइ छ । तराईमा दसैको बेला घटस्थापनाका दिनदेखि टोल-टोलमा माटोबाट बनेका भगवानका मूर्तिमा पूजा गर्ने चलन छ ।

बाँकेको जानकी-६ कैरातीपुर निवासी राजकुमार हरिजनको दैनिकी माटोसँगै बित्छ । दिन रात उहाँ माटोबाट भगवानका विभिन्न आकृति बनाउन व्यस्त छन् । सडकको किनारमा निर्मित अस्थायी टिनको टहराभित्र र बाहिर यतिबेला बन्दै गरेका भगवानको आकृति भरीभराउ छन् । सानै उमेरदेखि मूर्ति बनाउने काम गर्दै आएका राजकुमारको यो पुर्ख्यौली पेसा हो ।

'पहिला घरमा सानो-सानो मूर्ति बनाउथ्यौं पछि ठूलो बनाउन लागे, दुर्गा मातालगायत सबै प्रकारको मूर्ति बनाउने गरेको छु', राजकुमारले भने, 'नवरात्रको बेला 'सिजन' हो, पराल, बाँस, माटो, काठ किल्ला, डोरी लाग्छ, मेहनत धेरै छ ।'

उनका अनुसार रु २० देखि २५ हजारको एउटा मूर्ति बिक्री गर्दा रु चारदेखि पाँच हजारसम्म नाफा हुने गर्दछ । राजकुमारले आफु जस्तै अन्य छ जनालाई रोजगारीसमेत दिएका छन् । उनीहरूले रु १० हजारदेखि रु २० हजारसम्म पारिश्रमिक पाउने गरेका छन् । 'सबैले आ-आफ्नै तरिकाले मूर्ति बिक्री गर्ने गरेका छौं, चिनेजानेको नियमित ग्राहकसँग छुट गर्ने पनि गरिएको छ', मूर्तिकार राजकुमारले भने, 'धेरैजसो 'रेगुलर' ग्राहक छन्, तर चिनेको आधारमा एक जनालाई छुट गर्दा धेरै जनासँग घाटा खानुपरेको छ ।'

बाँकेमा माटोबाट भगवानको मूर्ति बनाउने मूर्तिकार संगठित हुन सकेका छैनन् । त्यसका कारण मूर्तिको दरमा पनि एकरूपता छैन । बाँकेको सदरमुकाम नेपालगञ्जसहित कोहलपुर, जानकी, खजुरा, डुडुवा, नरैनापुरमा समेत दसैंको भोलीपल्ट दुर्गा झाँकी निकाल्ने हुँदा मूर्तिको माग बढ्दै गएको पाइएको छ । दसैंको नवरात्रमा दुर्गाभवानीको मूर्ति राखेर पूजाआजा गर्ने परम्परा संस्कृतिको रूपमा विकास हुँदै गएको नेपालगञ्जका अगुवा द्वारिकाप्रसाद वैश्यले बताए । *रासस*

# आर्थिक रूपान्तरणका लागि पुँजीगत खर्च बढाउन जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थानीय तहले सामाजिक तथा आर्थिक रूपान्तरण गर्न पूँजीगत खर्च वृद्धि गर्नुका साथै बेरुजु न्यूनीकरण गर्नुपर्नेमा जोड दिइएको छ । स्थानीय तह, प्रदेश र सङ्घीय कार्यालयबाट गत आर्थिक वर्षमा सञ्चालित कार्यक्रम तथा आयोजनाबारे अनुभव आदानप्रदान गर्न शुक्रबार जिल्ला समन्वय समितिद्वारा आयोजित कार्यक्रममा सहभागीले बेरुजु सुशासनमा बाधक रहेको बताएका थिए ।

छलफलमा सरोकार भएकाले सामाजिक तथा आर्थिक रूपान्तरण गर्न बढ्दै गएको बेरुजु न्यूनीकरण गर्नुपर्ने विचार व्यक्त गरे । काठमाडौँका स्थानीय तहले आफ्नो क्षेत्राधिकारको उचित प्रयोग गरी नागरिकमैत्री सेवा, प्रवाहमा केन्द्रित हुनुपर्ने सहभागीले सुझाव दिए ।

काठमाडौँका महानगरपालिका र अन्य दश नगरपालिकाले एक वर्षभित्र गरेका कार्ययोजना, बजेट विनियोजन, पूर्वाधार विकास, निर्माण, सामाजिक विकास, खर्चको अवस्था, बेरुजुको अवस्थाबारे समीक्षा गरिएको हो ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरी, बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीलगायत प्रशासकीय अधिकृतले स्थानीय तहमा बजेट र कार्ययोजनाबारे जानकारी दिँदै आगामी दिनमा स्थानीय अधिकार थप बलियो बनाउन जनप्रतिनिधि र कर्मचारीको एकापसमा सहकार्य र समन्वयको खाँचो औँल्याए ।

काठमाडौँका जिल्ला समन्वय अधिकारी लक्ष्मणविक्रम थापाले स्थानीय तहको पूर्वाधार विकास तथा निर्माणमा सम्बन्धित जिल्लाको भूमिका र जिम्मेवारी सशक्त बनाउन आवश्यक रहेको बताउँदै त्यसका लागि समितिलाई थप अधिकार र सुविधा सम्पन्न बनाउन आवश्यक रहेको विचार व्यक्त गरे ।

काठमाडौं महानगरपालिका तथा अन्य नगरपालिकाको कार्यप्रगतिका साथै सांस्कृतिक, सामाजिक पक्षबारे प्रस्तुतिकरण गरिएको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ